# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १०　अंक २१　काठमाडौं　आइतबार, ३१ वैशाख २०८०　Prabhab National Daily　Sunday, May 14, 2023　www.prabhabonline.com　पृष्ठ ८　मूल्य रू. ५।-


## ‘देशैभरि छोराछोरी अभियान’ चलाउँदै एमाले




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा एमालेले वार्षिक कार्ययोजना तयार पारेको छ। तीन दिनसम्म सञ्चालन भएको केन्द्रीय कमिटी बैठकले पार्टीको संगठन विस्तार र शुद्धीकरण अभियान सञ्चालन गर्न कार्ययोजना तयार पारेको हो ।

ललितपुरस्थित पार्टी मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा एमाले प्रचार विभाग प्रमुख पृथ्वी सुब्बा गुरुङले शनिबार बसेको स्थायी कमिटी बैठकले तयार पारेको वार्षिक कार्ययोजना केन्द्रीय कमिटी बैठकले अनुमोदन गरेको जानकारी दिए ।

‘मिसन ग्रासरुट’ अभियानको नौवटै प्रदेशको समीक्षा प्रतिवेदनका आधारमा वार्षिक कार्ययोजना तयार पारिएको उनले बताए । वार्षिक योजनाअनुसार पार्टीले पार्टी सदस्यता शुद्धीकरण र विस्तारको कार्यक्रम सञ्चालन गर्ने सञ्चालन गर्ने निर्णय गरेको छ ।

> पार्टीले कमिटीमा रहेर विनाकारण तीनपटक अनुपस्थित हुनेलाई कमिटीबाट बिदा गर्न र खाली भएका कमिटीमा नयाँ सदस्य नथप्न निर्देशन
>
> ०००
>
> नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएको ७५ वर्षका अवसरमा अन्तर्राष्ट्रिय सम्मेलन गर्ने

मिसन ग्रासरुट अभियान सकिए पनि सदस्यता वितरण र नवीकरण अझ बाँकी रहेकाले संगठन विस्तार र शुद्धीकरण अभियान सञ्चालन गर्ने निर्णय गरेको प्रचार विभाग प्रमुख गुरुङले जानकारी दिए । कार्ययोजनाअनुसार पार्टी सदस्यता शुद्धीकरण अझ व्यापक बनाइने उनको भनाइ छ । एमालेले आगामी जेठदेखि चैतसम्म कार्ययोजनाअनुसार संगठन विस्तार र शुद्धीकरण अभियान सञ्चालन गर्नेछ । एमालेले असार १५ गतेसम्म जिल्ला कमिटीले पार्टी सदस्यता नवीकरण गर्ने र नवीकरण भौतिक उपस्थितिमा मात्र गर्ने जनाएको छ ।

नयाँ सदस्य र नवीकरण आगामी असार मसान्तसम्म प्रदेश कमिटीमार्फत विवरण केन्द्रमा पठाउन निर्देशन दिइएको छ । यस्तै नवीकरण विवरणसँगै नवीकरण (**बाँकी पृष्ठ ५ मा**)

### कांग्रेसमा नीति अधिवेशनको माग

# अलमलमा नेतृत्व

- २२ पुसका लागि डाकिएको केन्द्रीय समिति बैठक स्थगित गरी २८ पुसमा बोलाइयो
- उक्त बैठक फेरि स्थगित गरी १५ माघका लागि सारियो ।
- १२ माघमा अर्को सूचना जारी गर्दै बैठक अनिश्चितकालका लागि स्थगित
- महामन्त्री गगन थापाले वैशाख मसान्तमा केन्द्रीय समिति बैठक बस्ने भने पनि आजसम्म छैन बैठकको निम्तो
- विधानमै नभएको नीति अधिवेशनको मागपछि कांग्रेस दुई धारमा विभाजित


*फाइल तस्बिर*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका नेताहरूले जोडतोडका साथ नीति अधिवेशनको माग गरिरहेका छन् । उपनिर्वाचनमा तनहुँ-१ गुमाएपछि कांग्रेसभित्र नीति महाधिवेशनको माग उठेको हो । शनिबारमात्रै कांग्रेस केन्द्रीय सदस्य डा. शेखर कोइरालाले इटहरी पुगेर नीति अधिवेशनबारे धारणा राखे । ‘कांग्रेसको नीति अधिवेशन हुँदै छ । केन्द्रदेखि गाउँसम्म श्रमिकको मुद्दा पुर्‍याउँछौं,’ नेपाल ट्रेड युनियन कंग्रेस कोशी प्रदेशको सातौं अधिवेशनलाई सम्बोधन गर्दै कोइरालाले भने ।

त्यसो त नीति अधिवेशनबारे गत असारको केन्द्रीय समिति बैठकमा डा. कोइरालाले पार्टीमा सभापति शेरबहादुर देउवा हाबी भएको आरोप लगाएका थिए । सोही बैठकमा उनले नीति अधिवेशनको माग गरेका थिए । कांग्रेस नेता प्रकाशनमान सिंहले पनि दोलखा र रामेछाप पुग्दा नीति अधिवेशनको माग गरे । उनले तत्कालै नीति अधिवेशन गरेर बदलिएको परिस्थितिमा कसरी जान उपयुक्त हुन्छ भन्ने गहन समीक्षासहित अबको बाटो तय गरिनुपर्ने धारणा राखे ।

कांग्रेसका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले पनि नीति अधिवेशनको माग गरिने बताएका छन् । महामन्त्री थापाले यही वैशाख १८ गते नयाँबानेश्वरमा आयोजना गरिएको श्रमिक सभामा बोल्दै नीति अधिवेशनको माग गरिने बताएका थिए ।

‘वैशाख मसान्तमा गर्ने केन्द्रीय समिति बैठकबाट नीति अधिवेशनको मिति तय गर्छ । यो नीति महाधिवेशन नेपाली कांग्रेसको जीवनमा महत्त्वपूर्ण घटनाका रूपमा रहनेछ,’ महामन्त्री थापाले भनेका थिए । अर्का महामन्त्री शर्माले पनि वैशाख अन्तिममा बस्ने केन्द्रीय समितिले नीति अधिवेशनको मिति तय गरिने बताएका थिए ।

**छैन केन्द्रीय समितिको टुंगो**

गत भदौ ५ यता कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक बस्न सकेको छैन । कांग्रेस नेता एवं समाजवादी चिन्तक डा. प्रदीप गिरीको निधनपछि उक्त दिन कांग्रेसले आकस्मिक केन्द्रीय कार्यसमिति बैठक डाकेको थियो। बैठक नेता गिरीको निधनप्रति श्रद्धाञ्जली दिन केन्द्रित थियो । त्यसपछि निर्वाचन लाग्यो । निर्वाचनका विषयमा कांग्रेसले केन्द्रीय कार्यसम्पादन समिति र पदाधिकारी बैठकबाट नै विविध विषयमा निर्णय गर्‍यो ।

निर्वाचनपछि पुस २२ गतेका लागि डाकिएको केन्द्रीय समिति स्थगित गरी पुस २८ गतेका लागि बोलाइयो । उक्त दिनका लागि डाकिएको बैठक फेरि स्थगित गरी माघ १५ गतेका लागि सारियो । माघ १२ गते अर्को सूचना जारी गर्दै कांग्रेसले केन्द्रीय समितिको बैठक अनिश्चितकालका लागि स्थगित गर्‍यो । यही बैठक वैशाख अन्तिमतिर बस्ने महामन्त्री थापाको भनाइ थियो । (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

### भिसाको काम भिएफएसलाई दिने साउदीको निर्णय


# व्यवसायी सशंकित, संघले जनायो विरोध

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपालीहरूको प्रमुख रोजगार गन्तव्य मुलुकमध्येको एक साउदी अरेबियाले भिसाको आवेदन भिएफएस ग्लोबल सर्भिसेस नेपालमार्फत लिने प्रक्रिया अगाडि बढाएसँगै वैदेशिक रोजगारी व्यवसायीहरू सशंकित बनेका छन् । उनीहरू साउदीको भिसा प्रक्रियामा एकाधिकार (सिण्डिकेट) लागू गर्न लागिएको भन्दै सशंकित बनेका हुन् ।

तर, साउदी सरकारले भिएफएसलाई केन्द्र तोकेपछिको अवस्था के हुन्छ भन्नेबारे कारणबारे व्यवसायीहरू नै अन्योलमा देखिन्छन् । साउदी दूतावासले नेपालको परराष्ट्र मन्त्रालयलाई सम्बोधन गरी पठाएको कूटनीतिक नोटमा साउदी प्रवेशका लागि सबै प्रकारका भिसा तथा यात्रासम्बन्धी अनुमति प्रदान गर्ने कार्य भिएफएस ग्लोबल सर्भिस नेपालले सञ्चालन गर्ने जानकारी दिएपछि अन्योलको अवस्था सिर्जना भएको हो ।

वैदेशिक रोजगार व्यवसायी संघले साउदी दूतावासबाट नेपाल सरकारलाई आएको जानकारीपश्चात् लागू गर्न खोजिएको भिएफएस प्रणालीको कडा प्रतिवाद गर्ने जनाएको छ । यद्यपि, तत्कालै दूतावास घेराउलगायतका आन्दोलन गर्न व्यवसायीहरूले दाबाब दिए पनि संघले कसरी अगाडि बढ्ने भन्नेबारे निर्णय गर्न सकेको छैन । संघले शनिबार विज्ञप्ति जारी गर्दै व्यवसायी र श्रमिकको अहितमा हुने कुनै पनि एकाधिकारको विपक्षमा रहेको जनाएको छ । केही महिनायतादेखि मलेसिया, साउदी अरेबिया, युएईलगायतका मुलुकमा व्यावसायिक आवरणमा केही व्यक्तिले सिण्डिकेट लागू गर्न खोजेको भन्दै संघले त्यसविरुद्ध वक्तव्य जारी गर्दै आएको छ ।



> साउदी दूतावासले कामदारको भिसासम्बन्धी प्रक्रियाका लागि भिएफएसलाई ‘भिसा सेन्टर’को रूपमा तोकिनु सिण्डिकेट भएको संघको आरोप

साउदी दूतावासले कामदारको भिसासम्बन्धी प्रक्रियाका लागि भिएफएसलाई ‘भिसा सेन्टर’को रूपमा तोकिनु सिण्डिकेट भएको संघका महासचिव मेघनाथ भुर्तेलले बताए । ‘दूतावासले हिजोको आजै यो प्रक्रियामा जाने निर्णय गरेको होइन,’ उनले भने, ‘सिण्डिकेटधारीहरूले लामो समयको पूर्वतयारीपश्चात् निजी कम्पनीमार्फत भिसासम्बन्धी कार्य गराउन दूतावासलाई प्रभावित पार्न सफल भए ।’ उनले व्यवसायी र कामदारविरुद्ध सिण्डिकेट लाद्नेहरूलाई कुनै हालतमा नछाड्ने बताए । त्यस्ता व्यक्तिहरूको निकट भविष्यमा नै पहिचान र भण्डाफोर गर्ने महासचिव भुर्तेलको भनाइ छ ।

‘संघ व्यवसायी र कामदारको पक्षमा जस्तोसुकै कठिन परिस्थितिको सामना गर्न तयार छ,’ उनले भने, ‘कामदारमाथि थपिने आर्थिक भार र व्यवसायीले भोग्नुपर्ने झण्झटिलो प्रक्रियालाई कुनै पनि हालतमा स्वीकार्न सकिन्न ।’ कामदरसँग जोडिने हरेक विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग छलफल र स्वीकृतिविना खडा हुने भिसा सेन्टर, मेडिकल सेन्टरलगायतका कुनै पनि संस्थाहरू संघलाई मान्य नहुने महासचिव भुर्तेलले बताए । उनले नेपालका लागि साउदी राजदूत साद अबुहमिदसँग बुधबार भएको भेटमा सामान्यरूपमा अनौपचारिक कुराकानी भए पनि तत्कालै भिएफएस लागू गर्ने निर्णय आउनुले आश्चर्य लागेको बताए । दूतावासले गरेको उक्त निर्णयमाथि पुनर्विचार गर्न पनि भुर्तेलले आग्रह गरे ।

वैदेशिक रोजगार तथा आप्रवासन विज्ञ डा. गणेश गुरुङले भिसा प्रक्रियाका लागि प्रत्येक देशको आ-आफ्नै नीति हुने बताए । त्यही कारण साउदी दूतावासले भिएफएसमार्फत भिसासम्बन्धी प्रक्रियाको काम गर्ने निर्णय गरेको हुनसक्ने उनको बुझाइ छ । ‘विस्तृत विवरण नआएसम्म भिएफएसमार्फत हुने कार्यले पार्ने प्रभावका बारेमा यसै भन्न सकिन्न,’ उनले भने, ‘एक हप्ताभित्रमा आवश्यक प्रक्रियागत विषयमा जानकारी दिने भनिएको छ, त्यतिबेलासम्म पर्खिनु उत्तम होला ।’ भिसासम्बन्धी कार्य जहाँबाट गरे पनि रोजगारीका लागि साउदी जाने कामदारले सहज र सुलभ सेवा पाउनुपर्ने डा. गुरुङले बताए ।

संघले भिएफएस प्रणाली लागू भए वैदेशिक रोजगारीमा जाने श्रमिकमाथि आर्थिक भार थपिने बताएको छ । व्यवसायीलाई गुमराहमा राखेर लागू गरिने प्रणाली स्वीकार्य नहुनेसमेत संघको भनाइ छ । ‘...साउदी अरब मुलुकमा जान भिसा प्रक्रियाका लागि भिएफएस ग्लोबल सर्भिसेस नेपाल खडा गरी उक्त भिसा सेन्टरमार्फत कामदारका लागि भिसा प्रक्रिया गर्ने भनिएको छ,’ संघले शनिबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘कामदारसँग जोडिने हरेक विषयमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग छलफल र स्वीकृतिविना खडा हुने भिसा सेन्टर, मेडिकल सेन्टरलगायतका संस्थाहरू संघलाई मान्य हुने छैन ।’








**टुँडिखेलमा साकेला** | किरात समुदायको उभौली पर्वका अवसरमा राजधानीको टुँडिखेलमा शनिबार आयोजना गरेको कार्यक्रममा साकेला नाच प्रस्तुत गर्दै (बाँया) र प्रदेश १ को नामांकनको सांकेतिक विरोध जनाउँदै 'नो कोसी' लेखिएको पम्प्लेटसहित परम्परागत पोसाकमा सजिएर कार्यक्रममा सहभागी एक महिला । *तस्बिरः सम्झना राई/प्रभाव*

# बागमती किनारमा फोहोर फाल्नेलाई जरिवाना

**काठमाडौं–** बागमती नदी किनारमा फोहोर फाल्नेलाई जरिवाना गरिएको छ । 'राष्ट्रका लागि हप्ताको दुई घण्टा स्वयंसेवा' नाराका साथ सुरु बागमती सफाइ महाअभियानका क्रममा त्यस्ता व्यक्तिलाई स्थलगतरूपमै कारबाही गरिएको हो ।

बागमती सफाइ महाअभियानले प्रत्येक शनिबार बिहान आयोजना गर्ने जागरणमूलक सफाइका क्रममा सिनामंगल पुलमुनिको नदी किनारमा फोहोर फाल्ने लक्ष्मीनारायण शर्मा र हिमालयन विल्डर्सलाई १०/१० हजार रूपैयाँ गरी २० हजार रूपैयाँ जरिवाना गरिएको अभियानकर्मी चक्रबहादुर चन्दले जानकारी दिए । काठमाडौं महानगरपालिकाले सफाइस्थलमै रसिद काटेर दोषीलाई कारबाही गर्ने अभियान नै चलाउने भएको छ ।

महाअभियानले प्रत्येक हप्ता जरिवाना लिने रसिदसहित नगर प्रहरी र कर्मचारी पठाइ सहयोग गरिदिन महानगर प्रमुख शाहसँग अनुरोध गरेका थिए । सफाइ महाअभियानले काठमाडौं उपत्यकाका दुवै महानगरपालिका र सबै नगरपालिकालाई दिगो फोहोर व्यवस्थापनका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउँदै आएको छ ।

२०७० जेठ ५ देखि सुरु भएको बागमती सफाइ महाअभियान प्रत्येक शनिबार बिहान दुई घण्टा सञ्चालन हुने गरेको छ । शनिबार सफाइ महाअभियानका ५२२औं हप्तामा पूर्वमुख्यसचिव लीलामणि पौडेल, अधिकार सम्पन्न बागमती समितिका अध्यक्ष उद्धवप्रसाद तिमल्सिनालगायत अभियानकर्मीको सक्रियता थियो । सफाइबाट तीन मेट्रिकटन फोहोर व्यवस्थापन गरिएको छ । अर्को शनिबार बिहान पनि यसै स्थानमा सफाइ गरिने जनाइएको छ ।

यसैगरी विष्णुमती सफाइ अभियानको ४७०औं हप्तामा मानसिंह धर्म माध्यमिक विद्यालय परिसरमा सफाइ गरिएको छ । सफाइबाट एक ट्र्याक्टर नकुहिने फोहोर व्यवस्थापन गरिएको अभियानकर्मी शोभाकान्त पाण्डेले राससलाई जानकारी दिए ।

बागमती सफाइ महाअभियानबाट प्रभावित भएर काठमाडौं उपत्यकाका सबै नदी, सांस्कृतिक सम्पदालगायत सार्वजनिकस्थलमा सफाइ अभियान सुरु भएको छ । रुद्रमती नदीमा पनि सफाइ गर्ने गरिए पनि सेतोपुल क्षेत्रमा सीधै नदीमा ढल हालेर प्रदूषित बनाइएको अभियानकर्मी राम साहले जानकारी दिए ।

यसैगरी शनिबार गुह्येश्वरीमाथिको बागमती, मनोहरा, रुद्रमती, मनोहरा, ललितपुरको गोदावरी खोला, चक्रपथको उत्तरी र पश्चिमी खण्डमा पनि सफाइ गरिएको जनाइएको छ । जतातत सफाइ अभियान जारी रहे पनि ठोस उपलब्धि नभएको भन्दै आलोचना हुने गरेको छ । *रासस*

## अलमलमा...

पृष्ठ १ बाट जारी

तर, वैशाखको अन्तिम दिन आज । केन्द्रीय समिति बैठकको टुंगो अझै नलागेको केन्द्रीय सदस्य नैनसिंह महरले बताए । 'केन्द्रीय समिति केही दिनमा बोलाउने भन्ने कुरा छ । त्यसमा नीति अधिवेशनको कुरा छलफल होला, तर कहिले होला भन्ने टुंगो छैन,' उनले प्रभावसँग भने ।

केन्द्रीय समितिको निम्तो शनिबार साँझसम्म नआएको कांग्रेसका अर्का केन्द्रीय सदस्य मधु आचार्यले बताए । 'अहिलेसम्म कुनै निम्तो आएको छैन,' उनले प्रभावसँग टेलिफोनमा कुरा गर्दै भने ।

उनका अनुसार पछिल्लो केन्द्रीय समितिको बैठकले अब बस्ने बैठकमा नीति अधिवेशनसम्बन्धी बुँदा प्रस्तुत गर्नका दुई जना महामन्त्रीलाई जिम्मा दिने निर्णय गरेको थियो । 'प्रारूप के हुने ? कांग्रेसको विधानमा नीति अधिवेशनको व्यवस्था छैन । पार्टीको महाधिवेशनमा नीतिको कुरा गर्ने र नेता चयन गर्ने दुवै गर्नुपर्ने हो । संविधानले दिएको विशेषाधिकार प्रयोग गरेर केन्द्रीय महाधिवेशन भयो । महाधिवेशन सकेर छ महिना नाघ्दा पनि नीति अधिवेशन नगरेपछि यसबारे प्रश्न उठ्यो,' आचार्यले भने, 'विधानमा ठ्याक्कै कसरी गर्ने त अधिवेशन, प्रक्रिया के हुने भन्ने विषयमा नतोकिएकोले दुई महामन्त्रीलाई प्रारूप दिन लगाउने भन्ने कुरा थियो । त्यसपछि त मिटिङ नै बस्न सकेको छैन ।'

१७ महिनाअघि भएको १४औं महाधिवेशनमा विविध कारण देखाउँदै कांग्रेसले नीति तय गर्न सकेन । त्यतिबेला महाधिवेशन नेतृत्व चयनमा केन्द्रित भयो । आउने नयाँ कार्यसमितिले नीति अधिवेशन गर्ने गरी नेताहरू सहमतिमा पुगेका थिए । देउवाको नेतृत्वमा नयाँ कार्यसमिति आयो । देउवाको पहिलो कार्यकालजस्तै कांग्रेस फेरि सुस्ताउन थालेको छ ।

देउवा सरकारमा छँदै गठबन्धनमा निर्वाचनमा गएको कांग्रेसले नतिजा ९२ क्षेत्रमा उम्मेदवार उठाउँदा ५७ मा मात्र जित निकाल्यो । यो जितलाई कांग्रेसले ठूलै सफलता मान्यो । किनकि, अघिल्लो निर्वाचनमा कांग्रेसले २३ सिट मुस्किलले जितेको थियो । निर्वाचनमा जितेपछि ढुक्कले सरकारको नेतृत्व ताकेको कांग्रेसले केन्द्रीय समिति भने 'फ्रिज'मा राखेको छ ।

पछिल्लोपटक कांग्रेस केन्द्रीय सदस्यसमेत रहेका पूर्वगृहमन्त्री बालकृष्ण खाण पक्राउपछि कांग्रेस पदाधिकारी बैठकमै सीमित बनेको छ । कांग्रेस अहिले सरकारमा सहभागी भएका कारण पनि पार्टीको काममा सुस्त हुन थालेको बताइन्छ । कांग्रेसबाट सरकारमा नौ जना सहभागी छन् । पार्टीका उपसभाति पूर्णबहादुर खड्का र प्रवक्ता डा. प्रकाशशरण महतले महत्त्वपूर्ण मन्त्रालय सम्हालेयता पार्टीको गतिविधि ठप्प भएको बताइन्छ ।

# काठमाडौंमा 'एक बसपार्क नीति' कार्यान्वयनमा ल्याइँदै

■ प्रभाव संवाददाता



**काठमाडौं–** काठमाडौं भित्रिने र यहाँबाट बाहिरिने लामो दूरीका सवारीसाधन अब नयाँ बसपार्कबाट मात्र सञ्चालन गर्न पाइने भएको छ। शुक्रबार काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र साहको अध्यक्षतामा बसेको सरोकारवालाको बैठकले 'एक बसपार्क नीति कार्यान्वयन' प्रस्तावमाथि छलफल गर्दै उक्त निर्णय गरेको हो । उक्त निर्णय कार्यान्वयनमा आएपछि नयाँ बसपार्कबाहेक अन्यत्र ठाउँबाट यात्रु चढाउन र ओराल्न नपाइने भएको छ ।

काठमाडौंमा दैनिक करिब ७०० संख्यामा सवारीसाधन प्रवेश गर्छन् । यही संख्यामा बाहिरिन्छन् । नयाँ बसपार्कको ७५० वटा सवारीसाधन व्यवस्थापनका गर्ने क्षमता छ ।

बसपार्कमा लगाइने शुल्क अध्ययन गर्न महानगरका ट्राफिक व्यवस्थापन सल्लाहकार जगतमान श्रेष्ठको संयोजकत्वमा आठ सदस्यीय समिति गठन गरिएको छ । समितिको सदस्यमा महानगर प्रहरी बलका प्रमुख, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, उपत्यका ट्राफिक प्रहरी कार्यालय, जिल्ला प्रहरी परिसर काठमाडौं, जिल्ला प्रशासन कार्यालय, यातायात व्यवस्था कार्यालय, ल्होत्से बहुउद्देश्यीय प्रालि र सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपालका प्रतिनिधि सदस्य छन् ।

बैठकले महानगरभित्रका अवैध टिकट काउन्टर हटाउने निर्णय गरेको महानगरले जानकारी दिएको छ । अहिले गौशाला, चावहिल, सुन्धारालगायत विभिन्न ठाउँमा लामो दूरीमा चल्ने सवारीसाधनका टिकट काउन्टर छन् । एक बसपार्क नीति कार्यान्वयनमा आएपछि काठमाडौंको सवारी व्यवस्थापन सहज हुने बताइएको छ ।

# ठमेल सरसफाइमा जुटे व्यवसायी र घरधनी

**काठमाडौं–** पर्यटकीयस्थल ठमेललाई सफा, स्वच्छ र पर्यटकमैत्री बनाउन पर्यटन व्यवसायी तथा घरधनी सरसफाइ अभियानमा जुटेका छन् । ठमेल पर्यटन विकास परिषद्को अगुवाइमा काठमाडौं महानगरपालिका, नेपाल प्रहरी, ठमेलका पर्यटन व्यवसायी र घरधनीले ठमेल सफाइ गरेका हुन् ।

'हाम्रो ठमेल सफा ठमेल' भन्ने नाराका साथ शनिबार बिहान ७ देखि ८ बजेसम्म बृहत् ठमेल सरसफाइ कार्यक्रमको आयोजना गरिएको थियो । अभियानअन्तर्गत ठमेल क्षेत्रका सडक तथा सडकगल्लीमा सरसफाइ गरिएको थियो ।

सफा र पर्यटकमैत्री ठमेल बनाउने अभियानअन्तर्गत सरसफाइ कार्यक्रम सञ्चालन गरिएको परिषद्का अध्यक्ष भवि शर्माले बताए । 'हाम्रो ठमेल सफा ठमेल अभियालनलाई सार्थक बनाउन सक्रिय भएका छौं,' उनले भने, 'अभियानको समीक्षा गरेर भोलिका दिनमा कसरी सशक्त र प्रभावकारी बनाउन सकिन्छ, घरधनी र व्यवसायीको सुझावका आधारमा अघि बढ्छौं ।'

पर्यटन व्यवसायी रमेश बस्तीले व्यवसायी र घरधनीबाट सुरु भएको ठमेल सरसफाइ



अभियानलाई प्रभावकारी रूपमा अघि बढाउन सबैको सक्रिय साथ र सहयोगको खाँचो औंल्याए । उनले भने, 'अभियान सुरु भएको छ, विश्वले चिनेको ठमेललाई सफा र सुन्दर बनाउन सबैको सक्रियता आवश्यक छ ।'

ठमेलका घरधनी अर्जुनलाल प्रधानले सफा र प्रदूषणरहित ठमेल बनाउन सबै एकजुट हुनुपर्नेमा जोड दिए । परिषद्का उपाध्यक्ष सहदेव धमलाले ठमेललाई पर्यटकमैत्री वातावरण बनाउने अभियान निरन्तर अघि बढ्ने विश्वास व्यक्त गरे । *रासस*



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

वैशाख ३१ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ । |
| **वृष** | दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ । |
| **मिथुन** | अभिभावकको आशीर्वादले काम गर्नसक्छ । |
| **कर्कट** | आँटेको र ताकेको कार्य पुरा होला । |
| **सिंह** | आज कुनै कुराले अनुहारमा चमक आउनेछ । |
| **कन्या** | राजनैतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ । |
| **तुला** | नजिकको व्यक्तिबाट धोका पाइएला, सचेत रहनुहोला । |
| **वृश्चिक** | आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला । |
| **धनु** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **मकर** | प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ । |
| **कुम्भ** | सवारी साधन चलाउँदा वा बाटो काट्दा होस राख्नुपर्छ । |
| **मीन** | आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख ३१ गते, २०८०, १४ मे, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.६३ | १३१.२३ |
| युरो | १ को | १४३.९८ | १४४.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १६४.२५ | १६५.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.०८ | १४६.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८६.३२ | ८६.७२ |
| क्यानाडियन डलर | १ को | ९६.३९ | ९६.८३ |
| सिंगापुर डलर | १ को | ९७.८६ | ९८.३१ |
| जापानी येन | १० को | ९.५८ | ९.६३ |
| चिनियाँ युआन | १ को | १८.९० | १८.९९ |
| साउदी अरब रियाल | १ को | ३४.८३ | ३४.९९ |
| कतारी रियाल | १ को | ३५.८३ | ३५.९९ |
| थाई भाट | १ को | ३.८३ | ३.८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.५७ | ३५.७४ |
| मलेसियन रिंगेट | १ को | २९.२९ | २९.४२ |
| दक्षिण कोरियन वन | १०० को | ९.७६ | ९.८१ |
| स्विडिस क्रोनर | १ को | १२.७३ | १२.७९ |
| डेनिस क्रोनर | १ को | १९.३१ | १९.४० |
| हङकङ डलर | १ को | १६.६४ | १६.७२ |
| कुवेती दिनार | १ को | ४२६.२४ | ४२८.२० |
| बहराइन दिनार | १ को | ३४६.५२ | ३४८.११ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**दोवा गाउँ |** म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको वडा नम्बर १ को दोवा गाउँ । एकै किसिमको गुजुमुज्ज ढुंगे घरहरू रहेको दोवामा मगर समुदायको बाहुल्य बसोबास छ ।

*तस्बिरः सन्तोष गौतम/रासस*

# साल्पासिलिछोमा स्वास्थ्य एकाइ स्थापनाले स्थानीय दंग




■ **युवराज विष्ट**

**भोजपुर–** भौगोलिकरूपमा जिल्लाको विकट मानिने उत्तरी क्षेत्रमा अवस्थित साल्पासिलिछो गाउँपालिकाको तीन स्थानमा आधारभूत सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरिएको छ । गाउँपालिकाले आधार भूत स्वास्थ्य सेवाबाट वञ्चित रहेका यहाँका तीन स्थानमा सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरेर सञ्चालनमा ल्याएको हो ।

गाउँपालिकाले सडकसम्म विस्तार नभएको ओखरबोटे र यांमाका स्थानीयलाई लक्षित गरेर वडा न ६ यांमा र थुम्लुङ भन्ने स्थानमा ती एकाइ स्थापना गरेको हो । वडा नं ३ को तालखर्कमा पनि स्वास्थ्य एकाइ स्थापना गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत माधवकुमार अधिकारीले जानकारी दिए । एकाइ स्थापना गरेर तीन स्थानबाट सेवा थालिएको छ ।

'हाम्रो गाउँपालिका भौगोलिकरूपमा विकट छ,' प्रशासकीय अधिकृत अधिकारीले भने, 'यहाँका नागरिकलाई सामान्य स्वास्थ्योपचार पाउन नै मुस्किल छ । नागरिकलाई आधारभूत स्वास्थ्य सेवा पुर्‍याउन स्वास्थ्य एकाइ स्थापना गरेर सेवा प्रवाह थालेका छौं ।' गाउँपालिकाबाट दरबन्दी सिर्जना गरेर प्रत्येक स्वास्थ्य एकाइमा एक/एक जना अहेव, अनमी र कार्यालय सहयोगी राखिने प्रशासकीय अधिकृत अधिकारीले जानकारी दिए ।

छ वटा वडा रहेको यो गाउँपालिकामा वडास्तरीय एक/एक वटा स्वास्थ्यचौकी भए पनि भौगोलिक विकटताका कारण सेवा प्रवाहमा समस्या देखिएपछि सामुदायिक सो एकाइ सञ्चालनमा ल्याएको गाउँपालिका अध्यक्ष दौलथ कुलुङले बताए । अन्य स्थानमा पनि स्थानीयको सहजताको लागि आवश्यकताको आधारमा स्वास्थ्य एकाइ स्थापना गर्ने योजना रहेको उनले जानकारी दिए ।

'गाउँपालिकाका नागरिकलाई स्वास्थ्य सेवाको अति नै समस्या छ,' अध्यक्ष कुलुङले भने, 'भौगोलिकरूपमा निकै विकट क्षेत्र पनि छन् । जहाँबाट वडामा रहेको स्वास्थ्यचौकीमा पुग्न नै घन्टौं हिँड्नुपर्ने अवस्था छ । नागरिकलाई सहज आधारभूत सेवा दिन हामीले पहल थालेका छौं ।'

स्वास्थ्य एकाइ स्थापनासँगै दुर्गमका नागरिकलाई सहज सेवा दिन समय/समयमा शिविरको आयोजना गरेर स्वास्थ्य सेवा दिने गरेको अध्यक्ष कुलुङको भनाइ छ । निर्वाचित भएर आएपछि स्वास्थ्य, शिक्षासँगै यहाँको सडक, विद्युत्, पूर्वाधारलगायतको विकासमा योजनाबद्ध थालनी गरेको उनको भनाइ छ । 'विविध समस्यालाई झेल्दै यहाँको बृहत्तर विकासमा जुटेका छौं,' उनले भने, 'योजनाको प्राथमिकता निर्धारण गरेर योजनाबद्ध विकासमा ध्यान दिएका छौं । पाँच वर्षमा यहाँका नागरिकले केही न केही विकासको अनुभूति गर्न सकून् भन्ने हाम्रो लक्ष्य छ ।'

गाउँपालिकाले नागरिकलाई सहजरूपमा स्वास्थ्यसँगै आधारभूत सेवा पुर्‍याउन भूमिका खेलिरहेको गाउँपालिकी उपाध्यक्ष अस्मिता राईले बताइन् । खास गरेर महिलाको स्वास्थ्यमा हुने समस्यालाई मध्यनजर गरेर पनि विभिन्न खालका कार्यक्रम सञ्चालन गर्ने योजना रहेको उनको भनाइ छ ।

'हामीले सेवा प्रवाहमा सहजता थप्ने गरी काम गरेका छौं,' उपाध्यक्ष राईले भनिन्,' राज्यले दिएको सेवा सुविध जनस्तरमा पुर्‍याउन लागि परेका छौं ।' यहाँका स्थानीयलाई सामान्य घाउचोटसँगै सिटामोल लिन पनि तीन घन्टादेखि एक दिनसम्म लाग्छ । सामान्य प्राथमिक स्वास्थ्योपचार नपाउँदा अकालमा ज्यान गुमाउनुपर्ने अवस्था रहेको वडा नं ६ याङमाका स्थानीय विर्खबहादुर राईले बताए ।

सामान्यबाहेकका अन्य उपचार लिनका लागि भोजपुर सदरमुकाम तथा संखुवासभा जानुपर्ने बाध्यता छ । 'स्वास्थ्य एकाइ स्थापनाले सहज भएको छ,' उनले भने, 'हामीले आधारभूत स्वास्थ्य सेवा पाउन नै कठिन थियो । सहरका अस्पताल पुग्न धेरै कठिन छ । वडामा रहेको स्वास्थ्यचौकी पुग्न नै तीनदेखि चार घन्टा लाग्छ ।'

स्वास्थ्य एकाइ स्थापनाले बिरामी हुँदा सिटामोल तथा जीवनजल पाउन घन्टौं धाउनुपर्ने अवस्थाको अन्त्य भएको वडा नं ३ तालखर्कका स्थानीय दिलकुमार राईले बताए । स्वास्थ्य एकाइ स्थापनाले वर्षौंदेखि स्थानीयले भोग्दै आएको समस्याको अन्त्य हुनेमा आशावादी रहेको उनको भनाइ छ ।

'लामो समयदेखि स्वास्थ्य सेवामा समस्या भोग्दै आएका थियौं,' उनले भने, 'अहिले गाउँमा नै स्वास्थ्य एकाइ सञ्चालन भएको छ । यही स्वास्थ्य परीक्षण गराउन पाउँदा खुसी लागेको छ । गाउँपालिकाले गरेको यो काम प्रशंसायोग्य छ ।'

सामान्य औषधि लिनसमेत घन्टौं पैदल हिँड्नुपर्दा अकालमा ज्यान जाने अवस्था रहेको वडा ६ थुम्लुङका स्थानीय हेमराज राईले बताए । बर्षायाम सुरु भएपछि यातायात सेवा पूर्णरूपमा बन्दा हुँदा झनै समस्या हुने गरेको उनको भनाइ छ । 'थुम्लुङ क्षेत्रमा स्वास्थ्यको असाध्यै समस्या छ,' उनले भने, 'वर्षौंबाट यही समस्या भोग्दै आएका छौं । यो भेगका मानिसलाई पायक पर्ने स्थानमा स्वास्थ्य संस्था थिएन । यहाँबाट गाउँपालिका केन्द्र चौकी डाँडा पुग्न नै छदेखि सात घन्टासम्म लाग्छ । बर्सात सुरु भएपछि यातयात सेवा ठप्प हुन्छ । अब भने सामान्य स्वास्थ्य उपचार र औषधि लिन अन्य ठाउँमा जानुपर्ने बाध्यता हटेको छ ।' *रासस*

# सकियो अन्तर्राष्ट्रिय बुद्धिष्ट ट्राभल मार्ट

## सात बुँदे घोषणापत्र जारी

**लुम्बिनी–** बुद्ध जन्मस्थल लुम्बिनीमा आयोजित दोस्रो अन्तर्राष्ट्रिय बुद्धिष्ट ट्राभल मार्ट-२०२३ ले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमार्फत 'कनेक्टिभिटी' प्रवर्द्धन र विस्तार गर्नुपर्नेमा जोड दिएको छ ।

लुम्बिनीमा तीन दिनसम्म आयोजना गरिएको बुद्धिष्ट मार्टमा जारी सात बुँदे लुम्बिनी घोषणापत्रमा बुद्धसँग सम्बन्धित चार प्रमुख पवित्रस्थल लुम्बिनी, बोधगया, शारनाथ र कुशीनगरको बौद्ध सर्किटलाई अन्य बौद्धस्थलमा विस्तार गर्ने, प्रवर्द्धनका लागि साझा कथा विकास गर्नेसमेत उल्लेख गरिएको छ ।

घोषणापत्रमा लुम्बिनी, भगवान बुद्ध (शाक्यमुनि)को जन्मस्थल र शान्तिको मुहानलाई बौद्ध परिक्रमाको सुरुआत बिन्दु र शान्ति गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने, लुम्बिनी र अन्य बौद्धस्थलमा पर्यटकको बसाइ विस्तार गर्न विभिन्न गतिविधिसहितको साझा प्याकेज विकास गर्ने, पर्यटकलाई अन्तर्राष्ट्रिय नेटवर्किङ र संलग्न गतिविधिलाई प्राथमिकता दिने उल्लेख छ ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल पर्यटन बोर्डको आयोजना, नेपाल एसोसियसन अफ टुर एण्ड ट्राभल (नाट्टा) को संयोजन तथा लुम्बिनी विकास कोष, नेपाल वायुसेवा निगमको सहकार्यमा लुम्बिनीमा मार्टको दोस्रो संस्करण आयोजना गरिएको थियो ।

सन् २०२४ को मार्च २४ मा तेस्रो अन्तर्राष्ट्रिय बुद्धिष्ट ट्राभल मार्ट आयोजना गर्नेसमेत जनाइएको छ । मार्टले अन्तर्राष्ट्रिय क्षेत्रमा बौद्ध पर्यटन, उत्पादन र गतिविधिको विकास, ब्राण्ड र प्रदर्शन गर्ने वार्षिक कार्यक्रमका रूपमा स्थापित हुने विश्वास गरिएको नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा. धनञ्जय रेग्मीले बताए ।

उनले मार्टमा सहभागी विभिन्न देश तथा क्रेता र बिक्रेताको उपस्थितिले लुम्बिनीको पर्यटनलाई थप चलायमान बनाउने विश्वास व्यक्त गरे । 'लुम्बिनी आफैंमा बुद्ध पर्यटनको केन्द्र हो । मार्टले कोभिडपछि शिथिल भएको पर्यटनलाई पुनःजागृत गर्न र लुम्बिनीको महत्त्वलाई थप उजागर गर्न सहयोग पुग्ने हाम्रो अपेक्षा छ,' उनले भने ।

लुम्बिनी विश्वविद्यालयका डीन डा. मानिकरत्न शाक्यले लुम्बिनीमा आयोजना गरिएको अन्तर्राष्ट्रिय मार्टले बुद्ध दर्शन तथा यस क्षेत्रको प्रचारमा थप सहयोग पुग्ने बताए । कार्यक्रम समापनका अवसरमा पर्यटन विज्ञ प्रा.डा. हिमलाल घिमिरे, नाट्टाका अध्यक्ष रमेश थापा, वरिष्ठ उपाध्यक्ष प्रमोद दाहाललगायतले मार्ट नेपालको बुद्ध पर्यटनका लागि एउटा महत्त्वपूर्ण कार्यक्रमका रूपमा विकास हँदै गइरहेको र यसले नेपालको समग्र पर्यटन चलायमान बनाउने बताए । मार्टका अवसरका विभिन्न क्षेत्रका विद्धानले बुद्ध दर्शन, बुद्ध पर्यटन बुद्धमार्गी देशसँगको सहकार्यलगायका विभिन्न विषयमा सामूहिक छलफल भएको थियो ।

मार्टमा नेपालसहित भारत, मलेसिया, चीन, कोरिया, बंगलादेश, स्यान्मा, थाइल्याण्ड, श्रीलंकालगायत देशबाट २८ वटा ट्राभल/टुर कम्पनीको सहभागिता थियो । कार्यक्रममा स्वदेशी तथा विदेशी विज्ञद्वारा बुद्ध धर्म, बुद्धिष्ट पर्यटनलगायतका विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो । *रासस*

# 'भ्रष्टाचार नियन्त्रणमा शिक्षकको भूमिका महत्त्वपूर्ण'



**चितवन (प्रस)–** कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले देशमा व्याप्त भ्रष्टाचार नियन्त्रणका लागि शिक्षकहरूको भूमिका महत्त्वपूर्ण रहेको बताएका छन् । नेपाल शिक्षक संघको ३४औं स्थापना दिवसका अवसरमा शनिबार यहाँ आयोजित नवप्रवेशी शिक्षक स्वागत तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उनले शिक्षकले दिने शिक्षा र आचरणबाट भ्रष्टाचार नियन्त्रणमा महत्त्वपूर्ण भूमिका निर्वाह हुने बताए ।

शिक्षकले दिने शिक्षाले भ्रष्टाचार नियन्त्रणसँगै समाज परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्ने मन्त्री गुरुङको भनाइ थियो । अहिलेका शिक्षक भविष्यका देश चलाउने व्यक्ति भएको भन्दै उनले सानैदेखि असल शिक्षा दिन जरुरी रहेको बताए । शिक्षकबाट पाउने ज्ञानलाई बालबालिकाले पछि भविष्यमा उतार्ने भन्दै सच्चा नागरिक बन्न सिकाउनुपर्ने उनको भनाइ थियो । देशमा पछिल्लो समय गाँजिएको भ्रष्टाचारको जालो तोड्न सरकार लागिपरेको उनले बताए । उनले भने, 'सरकार आफ्नो काममा दृढ छ । जनताको पक्षमा काम गर्न सरकार बनेको हो ।' सरकारलाई नेताको घरको रुवाबासीभन्दा जनताको घरको रुवाबासीले पिरोल्ने गरेको उनको भनाइ थियो ।

पछिल्लो समय कांग्रेसका नेताहरूसमेत भ्रष्टाचार मुद्दामा मुछिएको भन्दै मन्त्री गुरुङको जो-कोही भए पनि नछाड्ने बताए । कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य टेकप्रसाद गुरुङले कांग्रेसभित्रको आन्तरिक समस्या समाधानका लागि छलफल भइरहेको बताए । केन्द्रमा देखिने समस्याले जिल्लामासमेत प्रभाव पारेको बताउँदै उनले यस्ता समस्या समाधानका लागि पदाधिकारी तहबाटै पहलकदमी हुन जरुरी रहेको बताए ।

कार्यक्रममा नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनाल, निवर्तमान सभापति जीतनारायण श्रेष्ठ, बागमती प्रदेशसभा सदस्य उत्तम जोशी, नेपाल ट्रेड युनियन कांग्रेस केन्द्रीय उपाध्यक्ष इन्दिरा सापकोटा, नेपाल शिक्षक संघ संघीय उपमहासचिव प्रेमप्रसाद पौडेल, नेपाल शिक्षक संघका पूर्वअध्यक्ष ध्रुवराज पोखेल, नेपाल शिक्षक महासंघ चितवनका अध्यक्ष कोमलनाथ घिमिरे, नेपाली कांग्रेसका नेता प्रकाश अधिकारी, भरतपुर महानगरपाकिलाका-१० का अध्यक्ष परमेश्वर खनाललगायतले शिक्षा क्षेत्रको विकासमा सरकारले ध्यान दिनुपर्नेमा जोड दिएका थिए । नेपाल शिक्षक संघ चितवनका अध्यक्ष इन्दिरा मरहट्ठाको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षक सेवा आयोगबाट स्थायी अनुमति लिएका शिक्षक शिक्षिकाहरूलाई स्वागत गरिएको थियो ।

## संघीय मामिलामन्त्री मोदीले भने–

# भ्रष्टाचारको गन्धमात्रै आए पनि छाडिन्न

**काठमाडौं (प्रस)–** संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले भ्रष्टाचार नियन्त्रणमा सरकार कठोर नीतिका साथ लागेको बताएका छन् । उनले भ्रष्टाचारको गन्धमात्रै आए जो-कोहीलाई पनि कारबाही हुने बताए ।

प्रेस सेन्टर नेपाल काठमाडौंको वार्षिक साधारणसभालाई सम्बोधन गर्दै मन्त्री मोदीले भ्रष्टाचार नियन्त्रणमा सरकार पूर्णरूपमा लागिपरेको र कोही कसैलाई पनि छुट नदिइने बताएका हुन् । उनले भने, 'विभिन्न मन्त्रालयमा हाम्रै मन्त्रालय मातहतका कर्मचारी हुनुहुन्छ, मैले सबैलाई भनेको छु, भ्रष्टाचारको गन्धमात्रै आएको खण्डमा पनि कारबाही हुन्छ ।' भ्रष्टाचारलाई निर्मूल पारी सुशासन कायम गर्ने गरी कार्यसम्पादन गर्न आफूले सबैलाई निर्देशन दिएको बताए ।

मन्त्री मोदीले अहिलेको सरकारको प्राथमिकता भनेकै सुशासन कायम गर्ने भएकाले कर्मचारीबाट त्यसको कार्यान्वयन हुनुपर्ने उल्लेख गरे । 'प्रधानमन्त्रीको पहिलो मिसन भनेको सुशासन हो । सामाजिक न्याय, सुशासन र विकास र समृद्धि अहिलेको सरकारको मुख्य मिसन हो । यसबाहेक अन्य कुरामा ध्यान दिएको खण्डमा सबैलाई जुनसुकै हदसम्मको कारबाही हुन्छ,' उनले भने ।

आफूले सम्हालेको मन्त्रालयमा सुशासनसँग जोडिएका दूरगामी महत्वका काम अगाडि बढाएको बताउँदै उनले भने, 'संघीय निजामती सेवा ऐन ल्याउने र सुशासन कायम गर्ने विषय नै मेरो पहिलो प्राथमिकताको विषय हो, अहिले हामी निमित्तको शासन हटाउने काममा लागेका छौं ।'

**सैनामैना नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बुद्धनगर, रूपन्देही**

**आशय पत्र सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०-०१-३१**

यस कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्र मध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं | बोलपत्रदाताको नाम | विवरण | कबोल अंक (मु.अ कर सहित) रु. |
|---|---|---|---|
| NCB/12/079-80 | श्री जस्मिन हाइजिन प्रोडक्ट्स प्रा.लि., बुढीगंगा-१, मोरङ | Supply and Delivery of 240mm Ultra Cotton Sanitary Pads (Vending Machine Friendly) | ११,४७,५८१।३७ |

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## गृहमा विवादित पात्रको राज

'मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गर्नु' गृह प्रशासनको मुख्य उद्देश्य भएको गृह मन्त्रालयको परिचयमा उल्लेख छ । गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाइ सुशासन कायम गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, अध्यागमन विभाग, कारागार व्यवस्थापन विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालय तथा सुरक्षा निकायका रूपमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाललगायतका निकायहरू केन्द्रदेखि स्थानीय तहसम्म क्रियाशील रहेका छन् ।

यसले देखाउँछ देशभरको सूचनामा मात्र हैन देशको राष्ट्रप्रमुखदेखि प्रधानमन्त्रीको भान्सासम्म प्रहरीको पहुँच हुन्छ । नेपालको प्रचलित संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानवअधिकारलगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने गरी कार्य गर्नु गृह प्रशासनको दृष्टिकोण हो । यही विधिको शासन कायम गर्ने देशकै मुख्य निकायमा भने पछिल्लोपटक विवादित पात्रहरूको रजगज देखिन थालेको छ ।

पूर्वगृहमन्त्री बालकृष्ण खाण अहिले नेपालीलाई भुटानी शरणार्थी बनाएको प्रकरणमा हिरासतमा पुगेका छन् । खाण यस घटनामा संलग्न छन् कि छैनन् भन्ने विषयमा पुष्टि हुन बाँकी छ तर प्रहरीको प्रारम्भिक वयानमा गृहका तत्कालीन सचिव टेकनारायण पाण्डेले खाणको नाम पोलिसकेका छन् । पाण्डे पनि अहिले अनुसन्धानका क्रममा हिरासतमा छन् । यसअघिका गृहमन्त्री रवि लामिछाने नागरिकता पुनःप्राप्तिमा चुकेका कारण चितवन-२ मा दोहोरिएर चुनाव लड्नुपर्‍यो ।

नेकपा सरकारको समयमा गृहमन्त्री रामबहादुर थापा थिए । उनको पालामा फेक इन्काउन्टरदेखि ३३ किलो सुनसम्मका विवादित काण्ड बाहिरियो । कञ्चनपुरकी निर्मला पन्त हत्या प्रकरणमा सरकारले कुनै किनारा लगाउन सकेन थापा नेतृत्वले । नक्कली शरणार्थी प्रकरणमा थप पुराना गृहमन्त्रीहरू तानिने चर्चासमेत चल्न थालेको छ । यसबाट बुझ्न सकिन्छ, गृहमा कर्मचारीमात्र हैनन् राजनीतिक नेतृत्व पनि कति भ्रष्ट छन् भन्ने प्रस्ट हुन्छ । चुनावताका आफ्नो पार्टीको पक्षमा मत पार्न गृहको नेतृत्व लिने दाउ ठूला दलको हुन्छ । यसले झनै प्रस्टिन्छ शक्तिको दुरूपयोग कति हुन्छ भनेर । 'आफ्नै हात जगन्नाथ' यही पुरानै मन्त्र जपेर शक्तिको दुरूपयोग गर्ने गृहमन्त्रीहरू चुनावी मैदानमा पछारिएको तरोताज छ । त्यसैले नीति नियमलाई तिलाञ्जली दिएर शक्तिको मादमा रजगज गर्न विवादित पात्र गृहमा नपसेकै राम्रो ।

मनन्योग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

क्रमशः

# सामाजिक न्याय, सुशासन र समृद्धिका लागि नयाँ लडाइँ



▶▶ नरेन्द्र केसी

**वर्तमान सरकार गठन भइसकेपछि केही समय जनताले आशा र आशंका दुवै हिसाबले नै हेरेका थिए । एकपछि अर्को गर्दै सरकारले सामाजिक न्याय, सुशासन र समृद्धिका लागि पक्षमा जसरी प्रभावकारी काम थालेको छ, यसले विस्तारै जनतामा रहेको आशंका हट्दै र आशा बढ्दै गएको छ । लामो समयदेखि निराशा र आक्रोश बढ्दै गरेको नेपाली समाजमा जसरी आशावाद देखापर्न खोज्दै छ, यो निकै ठूलो परिवर्तन हो ।**

प्रधानमन्त्री पुष्पकमल दाहालले २६ वैशाखमा काभ्रेको महाभारत गाउँपालिकामा सडक तथा ग्रामीण विद्युतीकरण कार्यक्रमको शिलान्यास गर्दै भनेका थिए, 'भ्रष्टाचार नियन्त्रणका लागि एउटा नयाँ लडाइँ सुरु भएको छ । यो लडाइँमा जनयुद्धको जस्तै साथ चाहिएको छ । विकास र समृद्धिविना अन्यायको अन्त्य र समाजवादको नयाँ युग सूत्रपात गर्न सकिँदैन । त्यसमा पनि तपाईंहरूको हिजो (जनयुद्ध)को जस्तो साथ सहयोग आवश्यक छ । म तपाईंहरूसँग अपिल गर्न चाहन्छु ।'

साथै, उनले आफूले सरकारको नेतृत्व सम्हालेदेखि नै तीनवटा शब्दलाई बढी महत्त्व दिएको उल्लेख गर्दै भनेका थिए, 'अन्यायमा परेकालाई न्याय चाहियो । समानता चाहियो । तिनीहरूलाई पनि अधिकार चाहियो । सामाजिक न्याय भनेको त्यही हो । सुशासन भनेको हाम्रो देशमा विसंगति, विकृति र भ्रष्टाचारले विकराल रूप लिएको छ । जबसम्म भ्रष्टाचारलाई अन्त्य गरिँदैन नेपाली जनताले सुख र समृद्धिको दिन देख्न पाउने छैनन् ।'

सामाजिक न्याय, सुशासन र समृद्धि अर्थात् यी 'तीन स'लाई आफू सरकारमा आएदेखि नै प्राथमिकतामा राखेको प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष दाहालले उद्घोष गरेका थिए । प्रधानमन्त्री दाहालले भ्रष्टाचारविरुद्धको अभियानलाई नयाँ जनयुद्धको संज्ञा किन दिए । तत्कालीन नेकपा माओवादीले २०५२ फागुन १ गतेदेखि सुरु गरेर २०६३ मंसिर ५ को शान्ति सम्झौता नहुँदासम्म चलेको जनयुद्ध नेपाली इतिहासमै जनताले चलाएको नेपाली इतिहासकै लामो सशस्त्र संघर्ष थिए । यद्यपि, २००७ सालको आसपास वा २०२८ देखि २०३१ को आसपास तथा २०४२ को आसपासमा विभिन्न राजनीतिक शक्तिहरूले छोटो प्रकृतिका सशस्त्र संघर्ष सञ्चालन गरेका थिए । जनयुद्धको नेतृत्व गरेको, लडेको, देखेको, सुनेको वा भोगेको पुस्ताका लागि यो वर्णन नौलो नभए पनि नयाँ पुस्ताका लागि नयाँ हुनसक्छ किनकि जनयुद्ध सकिएपछि जन्मेको पुस्ता पनि अब युवाअस्थामा प्रवेश गर्ने समय भइसकेको छ ।

देशको ८० प्रतिशत भूभागमा तत्कालीन पुरानो राज्यसत्ताको उपस्थिति शून्य बनाएर जनसत्ता चलाएको र त्यसमार्फत न्याय, समानता र सुशासनको अभ्यास सुरु भएको थियो । जनयुद्धको प्रमुख सफलता भनेको सामाजिक जागरण र राजनीतिक परिवर्तन नै हो । नेपालमा जनयुद्ध नभएको भए यति चाँडै नेपाली समाज जाग्ने थिएन । वर्ग, जाति, क्षेत्र, लिंग, भाषा आदिका नाममा जुन विभेद र बहिष्करणको अवस्था थिए, यसको एकमुष्ट अन्त्य गर्ने विगुल जनयुद्धले नै फुकेको हो । हो, यी क्षेत्रले अहिले जीवन व्यवहारमा पूर्णमुक्ति पाइसकेका छैनन् तर शोषणको सामन्ती स्वरूप र संरचनाको अन्त्य भने भएको छ ।

के अब पनि कोही जमिन्दारले किसानमाथि शोषण गर्ने आँट गर्ला ? पुरुषले महिलामाथि शोषण गर्दा हिजोको जस्तै महिलाहरू अब चुप लागेर बस्लान् ? हिजोको जस्तो आज कथित उच्च जातिले दलित वा अन्य उत्पीडित समुदायमाथि खुलेआम अत्याचार गर्ने आँट किन गर्दैन ? आफ्नो अधिकारका लागि कर्णाली वा मधेसलाई संघर्ष गर्ने प्रेरणा र शक्ति कहाँबाट पैदा भयो ? नेपाली समाजलाई वस्तुनिष्ठ ढंगले अध्ययन गर्ने जो कोहीले पनि ढुक्कसँग भन्नसक्छ- यो अभूतपूर्व चेतना ।

जनयुद्धको पहल र प्रेरणाबाट स्थापित सामाजिक जागरणको जगमा जुन राजनीतिक परिवर्तन सम्भव भयो, त्यसकै उत्कर्ष हो- संघीय लोकतान्त्रिक गणतन्त्र । नेपालमा तमामखाले राजनीतिक आन्दोलन भए सबै सम्झौतामै टुंगिए । यद्यपि, जनयुद्ध पनि सम्झौतामै टुंगिएको हो । तर, सारमा बृहत् शान्ति सम्झौतामार्फत जसरी जनयुद्धको शान्ति प्रक्रियामा रूपान्तरण भयो, त्यसको मूल उद्देश्य नै राज्यको पुनर्संरचना र शासकीय रूपान्तरण हो । २०६२ मंसिरमा भएको १२ बुँदे समझदारीको अन्तरनिहीत दुई बुँदाको सार थिए, तत्कालीन सात दल संविधानमार्फत गणतन्त्रमा जान तयार हुनु र तत्कालीन माओवादी युद्ध छाडेर शान्ति प्रक्रियामा आउन तयार हुनु ।

जनयुद्धको स्मरण गर्दा दुई शब्दमै यसको उपलब्धिको संश्लेषण गर्न सकिन्छ कि सामाजिक जागरण र राजनीतिक परिवर्तन । आज नेपाली समाज अधिकारका लागि संघर्ष गर्नुपर्छ भन्ने जुन चेतना जागृत भएको छ, यसको प्रेरणा जनयुद्धकै हो । त्यस्तै आज राजनीतिकरूपमा मुलुक जसरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको रूपमा स्थापित छ, त्यसमा प्रेरणा मात्र होइन, जनयुद्धकै पहलकदमीको परिणाम हो । जनयुद्धको मुख्य उद्देश्य राजनीतिक परिवर्तनमार्फत जनताको जीवनमा रूपान्तरण ल्याउनु थियो ।

वि.सं. २०५२ मा जनयुद्ध सुरु गर्दा तत्कालीन नेकपा माओवादीले प्रष्टरूपमा भनेको थियो- आन्तरिकरूपमा सामन्तवादको अन्त्य र बाहयरूपमा साम्राज्यवादसँग संघर्ष गर्दै जनताको जीवनमा रूपान्तरण ल्याइनेछ । आन्तरिकरूपमा सामन्तवादको राजनीतिक प्रतिनिधि राजतन्त्रको अन्त्य भएको छ भने सामन्तवादका आर्थिक, सामाजिक र सांस्कृतिक आयामहरू पनि कमजोर बन्दै छन् । तर, पनि जनताले आफ्नो जीवनमा परिवर्तनको अनुभूति गर्न नसकेको साँचो हो, अबको कार्यभार पनि यही बाँकी एजेण्डा पूरा गर्नु हो ।

### 'तीन स' मा आधारित समाजवादको यात्रा

प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष दाहालले उद्घोष गरिसकेका छन्- सामाजिक न्याय, सुशासन र समृद्धि अर्थात् यी 'तीन स' अब समाजवादी आन्दोलनका मुख्य एजेण्डा हुनेछन् । सामाजिक न्यायको क्षेत्रमा हामी प्रगतिउन्मुख अवस्थामै छौं । हिजो जे जति कारणले समाजमा पछाडि पारिएका तप्का थिए, उनीहरूको चेतना र जागरणमा ठूलो परिवर्तन आएको छ । भनिन्छ- गौतम बुद्धले चार आर्यसत्य पत्ता लगाउनुअघि धेरै मानिसमा दुःखको पनि कारण हुन्छ भन्ने चेतना थिएन । जब कार्लमार्क्सले शोषणको कारण हुन्छ र त्यसको अन्त्यका लागि शोषित वर्गले वर्ग संघर्ष गर्नुपर्छ भन्ने नयाँ वैज्ञानिक मान्यता स्थापित गरे त्यसले मानव जातिमा मुक्तिको नयाँ मार्ग पहिल्याइदियो ।

जनयुद्धको माध्यमबाट नेपालमा सयौं वर्षदेखि शोषण दमनमा परेका वर्ग, जाति, समुदाय, भाषा, संस्कृतिका मानिहरूले शोषणबाट मुक्ति पाउन संघर्षको बाटो अपनाए । आज यो चेतनास्तरको स्तर कसैले खोस्न नसक्ने गरी विस्तार भइसकेको छ । सामाजिक न्यायको क्षेत्रमा यो ठूलो पुँजी हो, अब समाजमा विस्तार भएको चेतनाको स्तरबाटै राज्यले पनि कार्यक्रम बनाउँदै लैजान सके नेपालमा सामाजिक न्यायको सम्भावना धेरै टाढा छैन ।

नेपालमा सबैभन्दा ठूलो समस्या हो- सुशासन । सीमित स्रोत साधन हुनु हाम्रो बाध्यता छ भने त्यही सीमित स्रोत साधनको पनि न्यायोचित वितरण नहुनु बरु शक्ति र पहुँचको आधारमा सीमित मानिसले राज्यको स्रोत साधनमा लुट मच्चाउनु यथार्थ बनेको छ । राज्यसत्ता वा स्रोतमा पहुँच हुनेहरूले खाएर अघाएर डकारेको गन्ध मात्रै जनताको भागमा पर्ने जुन अवस्था छ, यसको अन्त्य नगरी हिजोको जनयुद्धको बाँकी कार्यभार पूरा हुँदैन । राज्यको नीति निर्माण तहमा पुगेकाहरूले कतिसम्म अत्याचार गर्दा रहेछन् भन्ने बुझ्न नक्कली भुटानी शरणार्थी प्रकरण नै काफी बनिदिएको छ ।

आफ्नै नागरिकबाट ठूलो परिमाणमा पैसा लिएर उनीहरूलाई नै अनागरिक घोषणा गरी अर्को देशमा पठाउन तयार हुनु भ्रष्टाचार मात्र होइन, गम्भीर जनघात र राष्ट्रघात हो । यदि यो प्रकरणमा दोषीमाथि कारबाही हुनसक्यो भने नेपालमा सुशासनको जग यहींबाट सुरु हुनेछ । सुशासन एउटा भनिने शब्दमात्र होइन, गरिने व्यवहार पनि हो भनेर पुष्टि हुनेछ । सुशासनको आधार तयार बन्दै गयो भने नेपालमा आफ्नै मौलिकताको समाजवादको आधार खडा हुनेछ । नक्कली शरणार्थी प्रकरणको कारबाहीमा जसरी सरकारले सफलता प्राप्त गरेको छ र जनस्तरबाट व्यापक समर्थन प्राप्त भएको छ, अन्तिमसम्म पनि यो स्थिति कायम रह्यो भने नेपालमा सुशासनको क्षेत्रमा यो कोशेढुंगा हुनेछ ।

सुशासनले नै नेपालमा समृद्धिको आधार तयार गर्नेछ । अहिले नेपाल आर्थिकरूपमा विपन्न हुनुको प्रमुख कारण भ्रष्टाचार हो । देशभित्रै केही गरौं भन्ने ठूलो पंक्ति उपयुक्त वातावरणको अभावमा विदेशिन बाध्य छ । सानो काम गर्दा पनि घूस, भनसुन, पहुँच आदि नभई नहुने र आमजनताको सत्ता र शक्तिसँग पहुँच नहुने कारणले निरासा र आक्रोश बढ्दै गएको छ । पछिल्ला निर्वाचनमार्फत जनताले गरेको ब्यालेट विद्रोहको सामान्य अर्थ छैन । जनताले सामाजिक न्याय, सुशासन र समृद्धि चाहेका छन्, त्यसको नेतृत्व कसले गर्छ भन्ने उनीहरूका लागि गौण हुँदोरहेछ ।

वर्तमान सरकार गठन भइसकेपछि केही समय जनताले आशा र आशंका दुवै हिसाबले नै हेरेका थिए । एकपछि अर्को गर्दै सरकारले सामाजिक न्याय, सुशासन र समृद्धिका लागि पक्षमा जसरी प्रभावकारी काम थालेको छ, यसले विस्तारै जनतामा रहेको आशंका हट्दै र आशा बढ्दै गएको छ । लामो समयदेखि निराशा र आक्रोश बढ्दै गरेको नेपाली समाजमा जसरी आशावाद देखापर्न खोज्दै छ, यो निकै ठूलो परिवर्तन हो । यसलाई जोगाउन सके यहींबाट सुरु गर्न सकिनेछ समाजवादको नयाँ यात्रा । त्यसैले प्रधानमन्त्री दाहालले उद्घोष गरेजस्तै जनयुद्धको बाँकी कार्यभारको रूपमा रहेको सामाजिक न्याय, सुशासन र समृद्धिको नयाँ लडाइँ पूरा गर्न पनि एकपटक जनयुद्धमा जस्तै जनताको साथ सहयोग आवश्यक छ । *रासस*

पत्र-मञ्जुषा

## 'सानालाई ऐन र ठूलालाई चैन' कहिलेसम्म ?

नेपाली जनताले तिरेको करबाट सरकारी कर्मचारीले तलब खान्छन् । जनताले गरेको मतदानबाटै नेता चुनिएका आएका हुन्छ । तर, सरकारी कर्मचारीले जनता र नेतामा गर्ने व्यवहार धेरै फरक छ भन्ने अस्तिको घटनाबाट पुष्टि भएको छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका नेपाली कांग्रेसका नेता तथा पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई प्रहरीले हत्कडी लगाएन । त्यही ठाउँमा सर्वसाधारण अभियुक्त भएको भए प्रहरीले समात्नेबित्तिकै हत्कडी लगाउथ्यो ।

कानुन त सबैका लागि एउटै न हो । तर, नेता र सर्वसाधारणलाई गर्ने व्यवहार किन छुट्टाछुट्टै ? अभियुक्त पक्राउ परेपछि उसलाई मेडिकल चेकजाँच र अदालतमा म्याद थप गर्न लैजाँदा अनिवार्य हत्कडी लगाउनुपर्छ । त्यहाँ पनि प्रहरीले खाणलाई छुट दियो । जिल्ला प्रहरी परिसर, काठमाडौंको हिरासतमा रहेका खाणलाई बस्नका लागि डिएसपीको कोठामा खाट हालेर छुट्टै व्यवस्थापन गरिएको भन्ने छ । एउटै कोठामा १०० जना थुनुवा राख्ने प्रहरीले खाणलाई किन बेग्लै व्यवस्थापन गर्‍यो ?

जनताको करबाट तलब खाएका, लुगा लगाएका प्रहरीले जनता र नेतामाथि विभेद गर्न मिल्छ ? वास्तविकरूपमा भन्ने हो भने प्रहरी प्रशासन खाणको अगाडि लम्पसार परेको छ । जनता र कानुनभन्दा ठूलो खाण हुन् ? यो प्रश्नको जवाफ नेपाल प्रहरीका आइजिपी वसन्तबहादुर कुँवरले जनतालाई दिनुपर्छ । खाण खोरमा बस्नुहुँदैन भनेर कानुनमा लेखेको छ ? कि प्रहरीले नेताहरूका लागि भनेर छुट्टै कानुन बनाएको छ ? कानुन कार्यान्वयन गर्ने ठाउँमा बसेका प्रहरीलाई जनताले कुन नजरबाट हेर्ने ?

कानुन कार्यान्वयनमा विभेद गर्न मिल्दैन तर प्रहरीले गरेको छ । त्यत्रो ठूलो प्रकरणमा मुछिएको व्यक्तिलाई प्रहरीले 'ज्वाइँ सुविधा' दिइरहेको छ । प्रहरीका कारण अहिले पनि कति निर्दोष व्यक्ति जेलमा छन् । बाटोमा हिँडिरहेकालाई समातेर प्रहरीले मुद्दा लगाएर फसाएको घटना धेरै छन् । प्रहरीले गर्दा उसले गर्दै नगरेको गल्तीको सजाय पाउनुपर्छ । धेरै वर्ष सजाय काटेपछि अदालतले ती निर्दोष व्यक्तिलाई सफाइ दिन्छ । तर, प्रहरीले उसको त्यत्रो वर्षको क्षतिपूर्ति त दिँदैन ।

निर्दोषलाई चाँहि आफैं कसूर लगाएर फसाउने अनि गल्ती गर्नेलाई प्रमाणसहित पक्राउ गर्दा पनि सुविधै सुविधा । प्रहरीको यातनाका कारण धेरैले ज्यान गुमाएका छन् । थुनाभित्र प्रहरीको यातनाले मरेको घटनाहरू वर्षेनिजसो बाहिर आइरहेको हुन्छ । तर, प्रमाण जुटेपछि पक्राउ परेका खाणलाई प्रहरीले किन छुट्टै व्यवहार देखायो ? आइजिपी कुँवरले यसको जवाफ जनतालाई दिनुपर्छ । कि गृहमन्त्री भइसकेका व्यक्तिलाई हत्कडी लगाउन मिल्दैन र अन्य थुनुवासँग राख्न मिल्दैन भनेर जवाफ दिनुपर्‍यो ।

कि माथिबाट दबाब आएको छ भनेर हात उठाउनुपर्‍यो । कि अबदेखि सबैलाई खाणको जस्तो व्यवहार गरिनुपर्‍यो । हरेक अभियुक्तलाई छुट्टाछुट्टै कोठाको व्यवस्थापन गर्नुपर्‍यो । अदालतमा उभ्याउन लैजाँदा पनि हत्कडी लगाउन पाइएन । होइन भने आइजिपी कुँवरले राजीनामा दिनुपर्‍यो । नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान सन्दीप लामिछानेलाई प्रहरीले विमानस्थलमै हत्कडी लगाएको थियो । विदेशमा रहेको व्यक्ति त्यहीबाट भाग्न सक्थें । तर, उनी आत्मसमर्पण गर्छु भनेर नेपाल आए ।

प्रहरीले जहाजबाट झर्नेबित्तिकै हत्कडी लगायो । उनी पनि त राष्ट्रिय खेलाडी थिए । तर, हत्कडी लगाइयो । खाण त अर्काको घरमा लुकेर बसेका थिए । उनले त प्रहरीसँग जान पनि नाइँनास्ती गरेका थिए । त्यस्तो व्यक्तिलाई चाहिँ किन हत्कडी लगाइएन ? प्रहरीहरू नेताको चाकडी गर्नका लागि जागिर खाएका हुन् भन्ने यहाँबाट स्पष्ट हुन्छ । नेताहरूकै अघिपछि घुम्ने भएकाले उनीहरूलाई कारबाही गर्न प्रहरीलाई डर लागेको हो ? कि प्रहरीले नेताले तिरेको करबाट मात्र तलब खाएको छ, त्यसैले उनीहरूलाई विशेष सुविधा दिइएको हो ? यो प्रश्नको जवाफ प्रहरीले दिनैपर्छ । 'सानालाई ऐन र ठूलालाई चैन' हुनुहुँदैन ।

*- अनुप थापा, कोटेश्वर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**
prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**आगो निभाउने अभ्यास** | लमजुङको बैँसीसहर नगरपालिका–८ फूलबारीमा शनिबार बैँसीसहर नगरपालिकाको समन्वय तथा लमजुङ पुनर्लाभ परियोजना र आरसिडिसी लमजुङको संयुक्त आयोजनामा आयोजित आगलागी व्यवस्थापनसम्बन्धी कृत्रिम घटना अभ्यासमा सिलिण्डरको लागेको नियन्त्रण गर्दै सशस्त्र प्रहरी । *तस्बिरः जनक श्रेष्ठ⁄रासस*

# म्याद सकिँदा पनि अस्पताल भवनको काम अधुरै

**बलेवा–** आगामी असार मसान्तमा तोकिएको समयसीमा सकिनलाग्दा बागलुङ नगर अस्पतालको पहिलो तलामात्रै ढलान भएको छ। निर्माण व्यवसायीको ढिलासुस्तीका कारण नगर अस्पतालको भवन समयमा निर्माण सम्पन्न नहुने भएको हो ।

लामो समय अलपत्र अवस्थामा रहेको अस्पताल भवनको काम धिमा गतिमा छ । बागलुङ नगरपालिकाले पटक-पटक ताकेता गर्दासमेत निर्माण व्यवसायीले कामको गति नबढाएको स्थानीयको गुनासो छ । निर्माण सम्झौताको २१ महिना बितिसक्दा कम्पनीले पहिलो तलामात्रै ढलान गरेको छ । दोस्रो तलाका लागि पिल्लर बनाउने काम सुस्त छ ।

पन्ध्र शयचाको अस्पताल भवन निर्माण गर्न श्री महालक्ष्मी जुगल जेभीसँग २०७८ असार २३ गते ठेक्का सम्झौता गरिएको थियो । १२ करोड ८७ लाख रूपैयाँमा सम्झौता भएको भवनको ३५ प्रतिशतमात्रै भौतिक प्रगति भएको नगरपालिकाका इन्जिनियर त्रिलोचन गिरीले बताए । भवन २०८० असार २० गतेसम्म सक्नुपर्ने सम्झौता छ। अस्पतालको प्रवेशद्वार, पार्किङलगायत साढे दुई तलाको लिफ्टसहितको अस्पताल निर्माण गर्ने ‘स्टिमेट’ छ ।

‘यस्तो गतिले समयमा काम सकिँदैन, निर्माण समयमा सक्न निर्माण व्यवसायी जिम्मेवार हुनुपर्छ,’ अनुगमनका लागि अस्पताल भवन निर्माणस्थल पुगेका जिल्ला समन्वय समितिका प्रमुख अमर थापाले भने, ‘अस्पताल भवनजस्तो महत्त्वपूर्ण भवन निर्माणमा ढिलाइ हुनु दुःखद हो ।’ उनले निर्माण कम्पनीले प्राविधिक जनशक्तिको निगरानीविना नै भवन निर्माणको काम गरिरहेकाले त्यसलाई तत्काल सच्याउन आग्रह गरे ।

लामो समयको प्रयास र पहलपछि नगरपालिकाको नगर अस्पताल पैयुँपाटामा निर्माण सुरु भएको थियो। अस्पताल भवन निर्माण अघि बढे पनि निर्माण व्यवसायीले लापरबाही गर्दा काम सम्पन्न हुनेमा स्थानीय सशंकित छन् ।

भवनको काम छिट्टै सकाउन नगरका तर्फबाट सबै प्रयास भइरहेको नगर उपप्रमुख राजु खड्काले बताए। ‘व्यवसायीलाई ताकेता गरिरहेका छौं, अस्पतालको सेवा थप गर्न डाक्टरको माग गरी पदपूर्ति गरे पनि डाक्टर बस्नुभएन, अरू प्रयास भइरहेका छन्,’ खड्काले भने ।

बागलुङ-१३ पैयुँपाटा स्वास्थ्यचौकीलाई नै नगर अस्पतालका रूपमा नामकरण गरिएको थियो । सरकारले प्रत्येक पालिकामा १५, १० र पाँच शयचाको आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्यअनुसार स्वास्थ्यको पहुँचबाट टाढा रहेको नगरपालिकाको दक्षिण भेगलाई लक्षित गरी नगर अस्पताल निर्माण थालिएको भए पनि अस्पताल भवन निर्माणमा ढिलाइ हुनु र अस्पतालको स्वास्थ्य सेवा प्रभावकारी नहुँदा समस्या भएको छ।

नगरपालिकाको रायडाँडा, पैँयुपाटा, अमलाचौर र नारायणस्थनका बासिन्दालाई अस्पताल निर्माणसँगै स्वास्थ्य सेवा लिन सहज हुनेछ । अस्पतालमा एमडिजिपीसहित तीन चिकित्सक आवश्यक रहे पनि अहिले मेडिकल अधिकृत राख्न नसकिएको नगर स्वास्थ्य शाखाले जनाएको छ । स्थानीयको नौ रोपनी जग्गा नगर अस्पतालका नाममा पास गरेपछि अस्पताल निर्माण अघि बढेको थियो । निर्माण कम्पनीले भने सडकको असुविधाका कारण समयमा काम गर्न नसकेको बताउने गरेको छ । *रासस*

# धार्मिक र पर्यटकीय गन्तव्य बन्दै ‘केलादीधाम’

■ सुशीला रेग्मी



**रामपुर (पाल्पा)–** कालीगण्डकी नदी तटको केलादीधाम धार्मिक तथा पर्यटकीय गन्तव्यस्थलमा विकास हुँदै छ। स्याङ्जा, पाल्पा, तनहुँ र नवलपुर (नवलपरासी सुस्तापूर्व) जोडेको यस धाममा यहाँको रमणीय प्राकृतिक वातावरणले सबैलाई लोभ्याउँछ ।

निम्वार्क वैष्णव सम्प्रदायको केन्द्रीय पीठको कार्यालय रहेको यहाँ विभिन्न जिल्लाबाट दर्शनार्थी आउँछन् । केलादीधामको दर्शन गर्न नसके नाम उच्चारण गरेमात्र पुण्य मिल्ने जनविश्वास छ । मुक्तिनाथबाट उत्पत्ति भई बगेको कालीगण्डकी नदी किनारमा अवस्थित यहाँ विशेषत हिन्दू धर्म संस्कारका कार्यका लागि यो धार्मिक पर्यटकीय गन्तव्यस्थल बनेको छ ।

मन्दिर पुनर्निर्माण, ज्येष्ठ नागरिक भवन, महन्त निवास, भान्छाघर, खानेपानी टचांकी निर्माणलगायतका पूर्वाधार विकास हुँदै गएपछि धार्मिक पर्यटक बढेको राधा दामोदर नेपाल निम्वार्क पीठ केलादीधाम संरक्षण समितिका सचिव घनश्याम खनालले बताए ।

‘देवघाटधाम जस्तै बनाउने संकल्पसाथ भौतिक संरचना तयार पारेपछि सबैजसो उमेर समूहका मानिस आउनेक्रम बढ्दो छ,’ उनले भने, ‘पहिला काम विशेषलेमात्रै आउने अचेल घुमफिर, अवलोकनलाई आउँछन् ।’

शनिबार र बिदामा चहलपहल बढ्दो छ। कालीनदीको धार्मिक तथा ऐतिहासिक महत्त्वसँग जोडिएको केलादीधामका बारेमा चासो राख्दै अध्ययन अवलोकनलाई आउने गर्छन्। बस, कार, भ्यान, जीप मन्दिरसम्म पुग्ने सुविधा भएपछि गाडी रिजर्भ गरेर नदी स्नान र धाम दर्शन गरेर फर्कने गरेको पाइएको छ। पहिला हिँडेर बाँस बस्ने चलन थियो। यहाँ गौशाला, ज्येष्ठ नागरिकको बसोबासका लागि ज्येष्ठ नागरिक आश्रम सञ्चालित छ जहाँ २२ ज्येष्ठ नागरिक बस्छन्। वि.सं. २०१० मा निर्माण भएका पुराना कुटी (ज्येष्ठ नागरिक बस्ने घर) अझै भेटिन्छन्।

आश्रममा चार दशकदेखि आश्रयस्थल बनाएर बसोबास गर्दै आइरहेको ८० वर्षीया श्यामदासी सिग्देलले बताइन्। तनहुँको किहुँ घर बताउने उनी श्रीमान्को मृत्युपश्चात् केलादी आएर बसेकी छन्। १३ वर्षको उमेरमा विवाह बन्धनमा बाँधिएकी सिग्देल १५ वर्षको कलिलो उमेरमा श्रीमान्को मृत्यु भएपछि केलादीधामलाई आश्रयस्थलका रूपमा लिएकी छन्।

‘सानै उमेरमा विवाह बन्धनमा बाँधियो, श्रीमान्को मृत्यु भएपछि एक्लो जीवन जिउन सकिएन,’ उनले भनिन्, ‘श्रीमान् नभएपछि आफन्त छरछिमेक सबैबाट अपहेलित भइयो, आश्रममा आएर बस्न थालेपछि कसैको अपहेलना सहनुपरेको छैन ।’ उनले सरकारले उपलब्ध गराएको ज्येष्ठ नागरिक भत्ताबाट आफ्नो जीविकोपार्जन गरिरहेकी छन् । मन्दिरको आश्रममा आफैंले पकाएर खाना खाने गर्छिन् । जीवनको अन्तिम समय नै यहीँ बिताउने संकल्पका साथ मन्दिरको पूजाआजा, भजनकीर्तनमा सहभागी भएर जीवन व्यतीत गरिरहेको पाइन्छ ।

आश्रममा बस्न थालेपछि एक्लोपनको महसुस नभएको बताउँछिन्, ९१ वर्षीया गोपालदासी । मन्दिरमा भजनकीर्तनमा सहभागी हुँदा समय बिताउन सजिलो भएको उनले अनुभव सुनाइन् । बिहे गरेको एक वर्षमा नै श्रीमान् बितेपछि सहाराविहीन भएकी उनी बाँकी जीवन बिताउन केलादीधाम आश्रममा आएकी हुन् ।

‘खाने, उपचार खर्च आफैंले जुटाए पनि बास बस्ने सुविधा पाउँदा हामी असाध्यै खुसी छौं, कसैको दुर्व्यवहार सहनु पर्दैन, सहाराविहीनका लागि यसरी बस्ने आश्रम पाउँदा धेरै सजिलो भएको छ, घरमा छोराछोरी भएर पनि हेरेनन् भने पनि यहीँ आएर बस्न पाइने व्यवस्था छ,’ उनले भनिन् ।

ज्येष्ठ नागरिक भत्ता बुझेको रकमले यहाँ बसोबास गर्ने नागरिकले बिहान साँझको जोहो गरिरहेका छन् । पहिला यहाँ १२० कुटी (ज्येष्ठ नागरिक बस्ने घर) थिए । कुटीमा १५० ज्येष्ठ नागरिकले केलादीधाम क्षेत्रलाई बासस्थान बनाएर बसोबास गर्ने गरेको बूढापाका बताउँछन् । आजभन्दा दुई दशकअघिसम्म यहाँ बसोबास गर्ने ज्येष्ठ नागरिकको ठूलो संख्या हुन्थ्यो । पहिलाको तुलनामा आश्रममा बसोबास गर्ने अहिले घटेका छन् । विभिन्न प्राचीन पूर्वीय धर्मग्रन्थमा पनि यसको महिमा र गरिमा वर्णन गरिएको छ । शालिग्राम पाइने विश्वको एकमात्र नदी कालीगण्डकीको किनारमा रहेको यो स्थानमा पुगेपछि मनको बोझ हट्ने र शान्ति प्राप्त हुने विश्वास लिइन्छ । यहाँ मुलुकका पूर्वदेखि पश्चिमसम्मका दर्शनार्थी भित्रिन्छन् ।

यहाँ निर्मित राधा दामोदरको मन्दिर पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ । कालीगण्डकीको नजिकै रहेकाले शीतल हावासँगै मन्दिर दर्शन, अवलोकन गर्न जानेक्रम बढ्दो छ । यो क्षेत्र कालीगण्डकी तटमा रहेकाले पनि पुण्यप्राप्तिका लागि धेरै जिल्लाका स्थानीयले आफ्ना दिवंगत परिवारजनको अन्तिम संस्कार गर्ने, विभिन्न चाड पर्व, वैशाखे, माघे संक्रान्ति, एकादशी जस्ता पर्वमा नदी स्नान गर्ने गर्दछन् । पुण्यभूमि रहेकाले यहाँ धेरै ठाउँबाट शव दाहसंस्कार गर्न ल्याइने गरिन्छ ।

### केलादीधामको पौराणिक इतिहास

वि.सं. २००६ मा निर्माण कार्य थालनी भई २००८ मा सम्पन्न भएको पुरानो सत्तल (दर्शनार्थी तथा बटुवा बास बस्ने ठाउँ) अहिले जीर्ण अवस्थामा छ । नौ कोठासहितको चारतले सत्तल नदी स्नान गर्न आउने, बाटो हिँड्ने बटुवा तथा मन्दिर दर्शन गर्न आउनेको आश्रयस्थलका रूपमा लिइन्थ्यो । वि.सं. २०७२ को विनासकारी भूकम्पले जीर्ण बनाएकाले पुनर्निर्माण गर्नुपर्ने अवस्थामा छ ।

राधा दामोदरको पुरानो मन्दिर वि.सं. २०१३ मा पुनर्निर्माण गरी विधिवत् पूजाआजा गर्ने कार्य सुरु गरियो । सो मन्दिर पनि जीर्ण बनेपछि २०७० सालदेखि निर्माण कार्य थालेर २०७४ मा नयाँ निर्माण भएपछि पूजाआजा सञ्चालन भइरहेको छ ।

मन्दिरको नामबाट राधा दामोदर मावि र राधा दामोदर संस्कृत क्याम्पस चलेको छ । वि.सं. २०३८ मा स्थापित राधा दामोदर माविमा उच्च शिक्षासम्म आधुनिक तथा संस्कृत भाषामा पनि पठनपाठन हुन्छ । उच्च शिक्षा उत्तीर्ण गरेका विद्यार्थीलाई मध्यनजर गर्दै वि.सं. २०५१ मा राधा दामोदर संस्कृत क्याम्पस स्थापना गरी शास्त्री तहसम्मको पठनपाठन भइरहेको छ । मन्दिरमा नै बसेर पढ्न चाहनेका लागि गुरुकूल शिक्षाको पनि व्यवस्था छ । मन्दिरमा गोपालशरण देव महन्तका रूपमा छन् ।

बाटो हिँड्ने क्रममा समस्यामा परेका नागरिक, नदी स्नान गर्न आउने तथा मन्दिर दर्शन गर्न आउनेलाई आपत् परेमा संस्थाको संरक्षणमा यहीँ खाना तथा बसोबासको पनि व्यवस्था छ । राधा दामोदर मन्दिरका नाममा पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुरमा गरी करिब १८५ रोपनी जग्गा छ । यसको संरक्षण, रेखदेख, भौतिक संरचना निर्माणलगायतका क्षेत्रमा पाल्पा, स्याङ्जा र तनहुँका स्थानीयले सहयोग गरिरहेका छन् ।

केलादीधाममा दैनिक बिहान ६ देखि साँझ ६ वजेसम्म अखण्ड भजनकीर्तन हुन्छ । एक समूहले दुई घण्टा भजन गर्छन् । दिनमा छ समूहमा पालोअनुसार भजनमा सहभागी हुन्छन् । चौबिसै घण्टा अखण्ड भजनकीर्तन भइरहने गरेकोमा जनशक्ति अभावमा दिनमामात्रै नियमित हुन्छ । वि.सं. २०३७ वैशाखदेखि हुँदै आएको अखण्ड भजन २०७६ वैशाखदेखि १२ घण्टामात्रै चलेको छ । रातको भजन भने बन्द छ । *रासस*

## देशैभरि...

पृष्ठ १ बाट जारी

नभएका र सदस्यताबाट हटाउनेको नाम पनि पठाउन भनिएको प्रचार विभाग प्रमुख गुरुङले जानकारी दिए ।

अभियानअनुसार ‘मिसन ५१ प्रतिशत’ पूरा गर्नका लागि प्रत्येक वडामा कूल मतदाता संख्याको तीन प्रतिशत पार्टी सदस्यता विस्तार गर्ने गुरुङले बताए । ‘पार्टी सदस्यता मतदाताको संख्याको औसत रूपमा सात प्रतिशत रहेको छ । तर, कतिपय पालिकामा न्यून रहेकाले प्रत्येक वडामा कूल मतदाताको तीन प्रतिशत विस्तार गर्ने योजना रहेको छ,’ उनले भने ।

मिसन ग्रासरुट अभियानका क्रममा कतिपय कमिटी भद्दा भएर बैठक बस्दा गणपूरक संख्या पनि नपुगेको देखिएको कमिटीलाई सानो बनाउने निर्णय गरेको छ । पार्टीले कमिटीमा रहेर विनाकारण तीनपटक अनुपस्थित हुनेलाई कमिटीबाट बिदा गर्न र खाली भएका कमिटीमा नयाँ सदस्य नथप्न पनि निर्देशन दिएको उनले बताए ।

‘बैठकमा आउने काम गर्न नदिने, ती कमिटीमा रहेकाको सुधार नभए कमिटीबाट बिदा गर्ने निर्णयसमेत गरेको छ,’ गुरुङले भने, ‘मिसन ग्रासरुट अभियान जिम्मेवारी तोकिएको पूरा नगर्ने र कुनै जानकारी नदिई अनुपस्थिति हुनेलाई सम्बन्धित कमिटीले स्पष्टीकरण सोध्ने निर्णयसमेत गरिएको छ ।’

### प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने

एमालेले पार्टीका नेता तथा कार्यकर्ताका लागि वैचारिक र राजनीतिक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ । प्रशिक्षण कार्यक्रम पार्टी स्कुल विभागले तयार पारेको पाठ्यक्रमका आधारमा सञ्चालन गर्नेछ । एमालेका उपमहासचिवसमेत रहेका नेता गुरुङका अनुसार उच्च प्रशिक्षण केन्द्रीय कमिटी र मध्यम प्रशिक्षण प्रदेश कमिटी र आधारभूत प्रशिक्षण जिल्ला कमिटीलाई दिइनेछ । प्रशिक्षण डिजिटलरूपमा पार्टीको ‘एक्सन रुम’बाट गरिनेछ ।

एमाले प्रचार विभाग उपप्रमुख विष्णु रिजालले पार्टी संगठन विस्तार गर्न आगामी मंसिरमा मध्यपहाडी लोकमार्ग तथा हुलाकी राजमार्ग केन्द्रित गरेर अभियान सुरु गर्ने जानकारी दिए ।

### देशैभरि छोराछोरी र मिसन योङ अभियान

यस्तै छोराछोरीलाई पार्टीमा आबद्ध गर्नका लागि ‘देशैभरि छोराछोरी’ नारामा पार्टीका नेता कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ । ‘हिजो बुवाआमा राजनीतिमा हुँदा छोराछोरी स्वतः राजनीतिमा आउने गर्दथे,’ रिजालले भने, ‘तर, आज बुवाआमा राजनीतिमा छन् भने छोराछोरी राजनीतिमा नआउने प्रवृत्ति विकास भएको छ । के कारणले छोराछोरी यस्तो भइरहेको छ। हामीले आफ्नो परिवारमा पनि राजनीतिक प्रशिक्षण गर्न सकिरहेका छैनौं भनेर देशैभरि छोराछोरी अभियान सञ्चालन गर्न गइरहेका छौं ।’

यसैगरी युवाहरूका बीचमा पार्टी कामको विस्तार गर्न ‘मिसन योङ अभियान’ सञ्चालन गर्ने निर्णय पनि गरेको छ । मिसन ग्रासरुटको दुईमहिने अभियानले पार्टीमा युवा आकर्षण र युवा सहभागिता विस्तार गर्न जरूरी देखिएको हुँदा नयाँ अभियान सञ्चालन गर्ने निर्णय भएको रिजालले बताए ।

### पार्टी गतिविधि कार्यालयबाटै

एमालेले पार्टीका सबै गतिविधि सबै कार्यक्रम पार्टी कार्यालयमा केन्द्रित गर्ने निर्णय गरेको छ । पार्टीको संस्थागत विकासमा सहयोग पुऱ्याउनका लागि वडादेखि केन्द्रसम्म सबै पार्टीको गतिविधि पार्टी कार्यालयबाट गर्ने निर्णय गरेको नेता रिजालले जानकारी दिए ।

पार्टीका जिम्मेवार नेताहरू पार्टी कार्यालयमा नियमितरूपमा उपस्थिति हुनेगरी केन्द्रदेखि वडा कार्यालयबाट पार्टीका गतिविधि गर्ने निर्णय गरेको उनले बताए ।

### कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय सम्मेलन गर्ने

एमालेले कम्युनिस्ट पार्टीको ‘अन्तर्राष्ट्रिय सम्मेलन’ गर्ने भएको छ। केन्द्रीय कमिटी बैठकले नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएको ७५ वर्षका अवसरमा अन्तर्राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको हो ।

विश्व कम्युनिस्ट आन्दोलनका लागि नेपालको कम्युनिस्ट आन्दोलन उदाहरणीयरूपमा रहेकाले यही वर्ष कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय सम्मेलन गर्न लागिएको एमाले प्रचार विभाग उपप्रमुख रिजालले जानकारी दिए ।

‘जनताको बहुदलीय जनवादका माध्यमबाट हामीले कम्युनिस्ट आन्दोलनमा ठूलो योगदान दिएका छौं । आजको सन्दर्भलाई लिएर मार्क्सवादको सिर्जनात्मक प्रयोग लिएर विश्वका कम्युनिस्ट पार्टीको सम्मेलन गर्न थालेका छौं,’ उनले भने । एमालेले पार्टीलाई यहाँसम्म ल्याउन सहयोग गर्ने, आफ्नो जीवनलाई दाउमा राखेर सेल्टर उपलब्ध गराउनेको सम्झना गर्दै ‘सेल्टर पुस्तक’ प्रकाशन गर्ने निर्णय गरेको छ । एमालेले नेपालको कम्युनिस्ट आन्दोलनको विकासका क्रममा विभिन्न ऐतिहासिक ठाउँले भूमिका निर्वाह गरेको र ती ठाउँको संरक्षण तथा प्रवर्द्धन गर्नका लागि स्मारक निर्माण गर्ने निर्णय गरेको उपप्रमुख रिजालले जानकारी दिए ।

यसैगरी एमालेले दुई महिने ग्रासरुट अभियानलाई निरन्तरता दिने निर्णय गरेको छ । पार्टी निर्माणका लागि केन्द्रीय सदस्यले आफ्नो भूगोलभन्दा बाहिर गएर एक वर्षसम्म योगदान गर्ने निर्णय गरेको उनले जानकारी दिए । ‘एक वर्षसम्म केन्द्रीय कमिटीका नेता फरक भूगोलमा गएर पार्टी निर्माणमा खट्नुहुनेछ,’ रिजालले भने, ‘मिसन ग्रासरुट अभियानकै क्रममा निरन्तरता दिन केन्द्रीय नेता फरक जिल्लामा गएर पार्टी संगठन सुदृढीकरण अभियानमा खटिनुहुनेछ ।’ यही वैशाख २८ गतेदेखि सुरु भएको केन्द्रीय कमिटीको बैठक शनिबार सकिएको छ। बैठकमा विभिन्न १० कार्यसूची रहेका थिए ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०१/०१ गते निम्न विवरणको Pulsar 220 Model को ग्रे रङको मोटरसाइकल अमृत साइन्स कलेज अगाडि पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

धनीको नाम : कस्मिक बचत तथा ऋण सहकारी संस्था लि.
बाइक नं.: बा.प्र -०२-०४२ प ९३५५
च्यासिस नं.: MD2A36FX2MCJ81068
इन्जिन नं. : JLXCMJ28741
ठेगानाः दुवाकोट, भक्तपुर
मो. : 9818958387


# सात महिनापछि भेटियो बेपत्ताको शव

**म्याग्दी (प्रस)–** धवलागिरि हिमालमा बेपत्ता भएका एक पर्यटक मजदुरको शव सात महिनापछि भेटिएको छ। पाँच हजार मिटर उचाइमा रहेको फ्रेञ्च पासमा भेटिएको शव शनिबार घटनास्थलबाट पोखरा हुँदै काठमाडौं लगिएको छ। उद्धारमा संलग्न म्याग्दी दानाका इन्द्रसिंह शेरचनले सिन्धुपाल्चोकको लिपा गाउँपालिका-१ का २७ वर्षीय देव लामाको शव भेटिएको जानकारी दिए ।

‘गत असोज २० गतेदेखि बेपत्ता लामाका आफन्तको अनुरोधमा खोजी गर्ने क्रममा हिउँले पुरिएको अवस्थामा शव भेटिएको छ,’ उनले शनिबार भने, ‘नेपाली सेनाको हेलिकोप्टरले लामाको शव आजै काठमाडौं लगेको छ ।’

शेरचनसहित सेनाका दुई जना, दुई जना शेर्पा र देवका काका सुनिल लामाको टोली फ्रेञ्च पासमा पुगेर शव ल्याएका हुन्। काठमाडौंको फोर सिजन ट्रेकिङ एजेन्सी कम्पनीमार्फत विदेशी पर्यटक लिएर धवलागिरि आधार शिविर पुगेका लामा बेपत्ता हुनुभएको थियो ।


**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**तेस्रोपटक प्रकाशित मिति : २०८०/०१/३१**

यस कम्पनीको मिति २०७९/०८/२८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **के.वी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.ली.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **श्री सगरमाथा इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०८/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **श्री सगरमाथा इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.(प्रा.लि.नं.८१४/०६५/०६६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**अनलाईन पत्रिका बन्द हुने सूचना**

यस **Nepalnewsline.com** नामको अनलाईन ब्रोकास्ट मिडिया नेटवर्क बानेश्वर काठमाण्डौमा चलिरहेको छ। हामीले विशेष कारणबस यो डोमेन **Nepalnewsline.com** हालका लागि नचलाउने निर्णय संचालक समितिको बैठक मिति २०८० बैशाख २२ गतेको निर्णयले पारित गरेको कारण यो संस्थामा कोही कसैले लिनु पर्ने बाँकी बक्यौता भएमा यो सूचना प्रकाशित मितिले १५ दिन भित्र सम्पर्क गर्न हुन अनुरोध गर्दछौ।

**www.nepalnewsline.com**

# प्रभाव दैनिक





## राजपुत र दंगालबीच कसियो लगनगाँठो

नाबालिग विभिन्न उमेर समूहका सौन्दर्य प्रतियोगिता आयोजना गर्दै आएको मोडल सङ्स नेपालका सञ्चालक डेभिलसिंह राजपुतले सिन्धुपाल्चोककी स्वस्ती दंगालसँग लगनगाँठो कसेका छन् । उनीहरूले गत बिहीबार हिन्दु परम्परा अनुसार बनेपामा विवाह गरेका हुन् । सिंह स्वस्तीलाई लिन पुर्ख्यौली थली धनुषाको वीरेन्द्रबजारबाट बनेपा पुगेका थिए । उनीहरूको विवाहमा शुभकामना दिन राज्यदैनिक डटकमका कार्यकारी सम्पादक तथा राज्य मिडिया नेटवर्कका अध्यक्ष सरोज झा, उपसम्पादक सोम बास्तोला, रक गायक विनोद ढकाल, कोरियोग्राफर रोजिन शाक्य, पत्रकार माधव खरेल, इभेन्ट आयोजक हेमा मानन्धर, सानु खानलगायतको उपस्थिति थियो ।





# बहुपति प्रथाको कथामा बनेको टुल्कीको ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** बहुपति प्रथाको कथामा बनेको चलचित्र टुल्कीको ट्रेलर सार्वजनिक गरिएको छ। आगामी जेठ १२ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र टुल्कीको ट्रेलर शुक्रवार रिलिज गरिएको हो । एकदशक अगाडि उपल्लो मुस्ताङमा चल्दै आएको बहुपति प्रथाको कुमारी विषयमा मुस्ताङ निवासी मुस्ताङ्गी राजाका भान्जे ज्वाइँ राजेन्द्र ठकुरीले चलचित्र निर्माण गर्न खोजेको थिए । विविध कठिनाइका बाबजुद मुस्ताङकै विषयमा निर्माण भएको चलचित्र मुक्तिदाता पछि दोस्रो प्रोजेक्टका रूपमा बहुपति प्रथा विषयमा चलचित्र निर्माण गर्ने सपना चलचित्र निर्माता ठकुरीको थियो ।

त्यो सपना निर्माता ठकुरीको पूरा हुन नसके पनि यतिखेर मुस्ताङको नभएर डोल्पाको बहुपति प्रथा विषयमा नेपाली कथानक चलचित्र टुल्कीको निर्माण भएको छ। द पाल्म ग्रूपले बहुपति प्रथा विषयमा चलचित्र टुल्की निर्माण गरेर नयाँ आयाम थपिदिएको छ । एक पत्नीले एकभन्दा बढी पति राख्ने परम्परागत प्रचलनमा चलचित्र निर्माण गर्नु सहज भने अवश्य होइन । लामो अध्ययन तथा अनुसन्धान अनि ठुलो बजेट खर्च गरेपछि मात्र निर्माण सम्पन्न भएको हो ।

सम्भवतः बहुपति प्रथामा आधारित पहिलो चलचित्र टुल्कीको छायाङ्कन डोल्पा जिल्लाको फोक्सुन्डो, त्रिपुराकोट, रल्ली, करेलीकाँडा लगायतका विकट गाउँ बस्तीमा भएको निर्माण कम्पनीले भनेको छ । डोल्पा, हुम्ला, मुगु, मुस्ताङ लगायतका हिमाली जिल्लाको भेषभूषामा प्रथाको रूपमा अझै पनि कायमै रहेको बहुपति प्रथालाई टुल्की मार्फत देखाइएको निर्माता शेखर लामाको जिकिर छ ।

चलचित्रमा डोल्पाको तल्लो क्षेत्रमा पर्ने एक फरक समुदायमा हुर्केकी केटी प्रेम विवाह गरेर उपल्लोमा जान्छिन् र त्यहाँ गइसकेपछि उनले प्रथाको नाममा भोग्नुपरेको वैवाहिक सामूहिक बलात्कारको दुःखान्त कथा वस्तुलाई चलचित्रमा उजागर गरिएको छ ।

शेखर लामाको प्रस्तुति रहेको यस चलचित्रलाई देव थापाले निर्देशन तथा सुशील अधिकारी र नमराज घिमिरे ले छायाङ्कन गरेको हुन भने सम्पादन तारा किम्भे थापा सङ्गीत तथा गीतकार ज्ञानेन्द्र गिरी र रोहित देउवा हुन भने रेखा जोशी, हरिनानाथ र रोहित देउवाको स्वर मा २ गीत समावेश रहेको छ र पार्श्व सङ्गीत सञ्जीव सुब्बाको रहेको छ । यस चलचित्रको निर्माण भने आरपी कर्माचार्य र उजेली लामाले गरेका हुन् ।

चलचित्रमा वरिष्ठ कलाकार शिशिर वाङ्देल, सोम लामा, स्वस्तिमा कार्की, रत्नप्रसाद न्यौपाने, हिमाली न्यौपाने, सौजन सुब्बा, सोफिया लिम्बू, नरेन्द्र तामाङ, शेखर लामा, भक्तसिंह कठायत लगायतका कलाकारको अभिनय रहेको छ । बाबुलाल लामा कार्यकारी निर्मातामा रहेको फिल्म वितरणको जिम्मा डीसीएन र रिच इन्टरटेनमेन्टले पाएको छ । यस चलचित्रको कथा लक्ष्मण सुनार र पटकथा संवाद भने शेखर लामाले गरेका हुन । करिब चार वर्षको अनुसन्धानपछि चलचित्र निर्माण गरिएको र झन्डै एक करोड खर्च भएको निर्माण पक्षले जनाएको छ ।



# रमलाको ‘म्हेन्दोरी लोई’



■ प्रभाव संवाददाता

**काठमाडौं–** चर्चित म्हेन्दोमाया गायिका रमला पाखिन तामाङले नयाँ गीत सार्वजनिक गरेकी छन् । रमलाले केही दिनअघि ‘म्हेन्दोरी लोई’ बोलको म्हेन्दोमाया गीत आफ्नो अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरेकी हुन् ।

धादिङ र नुवाकोटको लोकप्रिय ‘म्हेन्दोमाया’ गीतका लागि रमला चर्चित छिन् । ‘म्हेन्दोमाया साम्राज्ञी’को रूपमा समेत चिनिएकी रमलाको यो पछिल्लो गीतको भिडियोमा उनी आफैंले अभिनय गरेकी छन् ।

झण्डै साढे दुई दशकदेखि नेपाली गीतसंगीत क्षेत्रमा क्रियाशील रमला ‘म्हेन्दोमाया’ गीतको संरक्षण र प्रवर्द्धन गर्ने आफ्नो उद्देश्य रहेको बताउँछिन् । करिब २५ वर्षअघि ‘म्हेन्दोमाया युवा समाज’ नामक संस्था स्थापना भएको थियो, उनी त्यतिबेलादेखि ‘म्हेन्दोमाया’ गीतसंगीतमा लागेकी हुन् । रमलाले हालसम्म ६ सयभन्दा बढी गीत गाइसकेकी छन् ।

‘अहिलेसम्म जति गाएकी छु, अधिकांश म्हेन्दोमाया गीत नै गाएकी छु,’ रमला भन्छिन्, ‘धादिङ र नुवाकोटको भाकालाई प्रवर्द्धन र संरक्षण गर्ने मेरो उद्देश्य हो ।’

२०५६ सालमा ‘म्हेन्दोमाया’ गीतिसंग्रह ल्याएपछि औपचारिक गायनयात्रा प्रारम्भ गरेकी धादिङ खनियाबासकी रमला भन्छिन्, ‘सानैदेखि मलाई गीतसंगीतमा रुची थियो । रुचीसँगै म्हेन्दोमाया गायनयात्रा प्रारम्भ गरेकी हुँ । अहिले आएर म्हेन्दोमाया गायिकाकै रूपमा चिनिन पाउँदा खुसी छु ।’

पछिल्लो समय गण्डकीका अधिकांश जिल्लामा ‘म्हेन्दोमाया’ भाका गाइन्छ । तर, धादिङ र नुवाकोटमा गाइने ‘म्हेन्दोमाया’ भाकालाई मौलिक मानिन्छ । त्यही मौलिकता जोगाउनेक्रममै रमलाले आफूलाई ‘म्हेन्दोमाया गायिका’को पहिचान बनाउन सफल भएकी छन् ।

रमलाका ‘कतो तङच्यो रोमा,’ ‘अम्बले अम्बले,’ ‘लक्पर योन्दोङ,’ कर्स्योल पोङ,’ ‘साइकोले कोउ,’ ‘सिङ्ल म्हने’ ‘गङजोरी तामर म्हेन्दो,’ ‘रन्ता तपरीम,’ र ‘म्हेन्दोमायाँ ब्याटल’जस्ता गीतहरू चर्चित छन् ।

दर्जनभन्दा बढी सोलो एल्बमकी गायिका रमलाले भनिन्, ‘२०५६ सालमा औपचारिक रूपमा गीतसंगीतमा लागें, त्यसपछि ६० को दशकमा आएर मेरो गीतहरू श्रोता तथा दर्शकले रुचाए । विशेषगरी मैले गाएको म्हेन्दोमाया भाका रुचाइएको छ ।’

‘म्हेन्दोमाया गायिका रमलाले गायनकै क्रममा दर्जनौं मुलुक भ्रमण गरिसकेकी छन् । पहिलो विदेशयात्रा दुवईबाट सुरु भएको बताउँदै उनले भनिन्, ‘हालसम्म दुवईसँगै कुवेत, कतार, कोरिया, मलेसिया, जापान, सिंगापुर, बेलायत, भारत, भुटान, थाइल्याण्डलगायत दर्जनौं देशको भ्रमण गरेकी छु ।’

स्नातक तहसम्म अध्ययन गरेकी रमलाले डोरेमी संगीत पाठशाला जमलबाट शास्त्रीय संगीतको आधारभूत शिक्षा लिएकी हुन् । गायिका रमलाले म्हेन्दोमायाका अलावा थुपै नेपाली लोकगीत र दोहोरी पनि गाएकी छन् । उनी भन्छिन्, ‘तर, मेरो मुख्य गायन विधा भनेकै म्हेन्दोमाया हो । जसलाई संरक्षण गर्नुका साथै नाम पनि यसैबाट पाएकी छु ।’



# आर्मीलाई राष्ट्रिय पुरुष वीच भलिबलको उपाधि

■ प्रभाव संवाददाता

**तानसेन–** राष्ट्रिय पुरुष वीच भलिबल प्रतियोगिताको उपाधि त्रिभुवन आर्मी क्लबले जितेको छ । पाल्पाको रानीमहलमा शनिबार सम्पन्न खेलमा नेपाल पुलिस क्लबलाई पराजित गर्दै आर्मीले उपाधि उचालेको हो ।

आर्मीको दिल सुनार र दुर्गाप्रसाद महतोको जोडीले पुलिसको इमबहादुर राना र चन्द्रबहादुर कुँवरको जोडीलाई २१-१९ र २१-१५ को सोझो सेटमा हरायो । उपाधि सहित आर्मीले एक लाख ५० हजार रूपैयाँ प्राप्त गर्यो । उपविजेता बनेको पुलिसले एक लाख रूपैयाँमा चित्त बुझायो ।

अर्को विभागीय टिम सशस्त्र प्रहरी बल एपिएफको टिमले कर्णाली प्रदेशलाई २१-१८ र २१-१७ को सोझो सेटमा हराउँदै तेस्रो बन्यो । एपिएफले ५० हजार र कर्णालीले २५ हजार रूपैयाँ प्राप्त गर्यो । आर्मीलाई उपाधि जिताउन महत्वपुर्ण भुमिका खेलेका दिल सुनार प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी बने । उनले १० हजार रूपैयाँ प्राप्त गरे ।

चैत २८ गतेबाट रानीमहल प्राङ्गणमा सुरु भएको प्रतियोगितामा कर्णाली, लुम्बिनी, गण्डकी, बागमती, मधेश गरि ५ प्रदेश, तीन विभागीय क्लब र आयोजक गरि ९ टोली सहभागी थिए ।



राष्ट्रिय खेलकुद परिषद् राखेपको मुख्य सहयोग र सञ्जय मेमोरियल फाउन्डेसनको आयोजनामा सञ्चालित प्रतियोगिता रानीमहललाई वीच भलिबलको हब बनाउने उद्धेश्यका साथ गत वर्षदेखि सुरुआत गरिएको थियो ।

समापन समारोहका प्रमुख अतिथी प्रदेश सभा सदस्य वीरबहादुर राना, फाउन्डेसनकी अध्यक्ष निरोज मास्के लगायतले विजेता खेलाडी र टिमलाई पुरस्कृत गरेका थिए ।

प्रतियोगिताको दोस्रो संस्करणको उपस्थित भएर तानसेन नगरपालिका मेयर सन्तोषलाल श्रेष्ठ र बेगनासकाली गाउँपालिका अध्यक्ष सरस्वती चिदीले रानीमहल क्षेत्रलाई वीच भलिबलको केन्द्र बनाउने घोषणा गरेका थिए । खेलकुदमार्फत पर्यटन प्रबर्द्धन गर्ने उद्धेश्यका साथ सञ्जय मेमोरियल फाउन्डेसनले कार्यक्रम आयोजना गर्दै आएको छ ।

# विशेष प्रशिक्षणका लागि सुवास अस्ट्रेलियातर्फ

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल नम्बर एक एमेच्योर खेलाडी सुबाश तामाङ एसिया प्याशिफिक एमेच्योर च्याम्पियनसिप एएसीले सन्चालन गर्ने एएसी एकेडमी प्रशिक्षणमा सहभागी हुन अस्ट्रेलिया प्रस्थान गरेका छन् ।

नेपाल गल्फ संघका अध्यक्ष टासी घलेले सुबाशलाई शुभकामना सहित बिदाई गरे। सुबशले जेठ १ देखि ५ गतेसम्म मेलबर्नमा आयोजना हुने बिशेष प्रशिक्षणमा सहभागिता जनाउने छन् ।



सुबाश हाल विश्व एमेच्योर गल्फ वरीयतामा १८९औं स्थानमा रहेका छन । मेलबर्नमा सुबाशले विज्ञहरूबाट सञ्चालन हुने गल्फ, खेल विज्ञान, फिटनेस लगायतका सेसनमा भाग लिनेछन् ।

आगामी अक्टोवर महिनामा रोयल मेलबर्न गल्फ क्लबमा आयोजना हुने एसिया प्याशिफिक एमेच्योर च्याम्पियनसिपको तयारीका लागि खेलाडीहरूलाई विशेष प्रशिक्षण प्रदान गर्ने योजनाका साथ एएसी एकेडमी आयोजना गरिएको जनाईएको छ ।

अक्टोवर २६ देखि २९ सम्म रोयल मेलबर्न गल्फ क्लबमा आयोजना हुने प्रतियोगितामा सुबाश र सदभाव आचार्यले नेपालको प्रतिनिधित्व गर्नेछन् ।

## आइपिएलमा लखनउ ‘प्लेअफ’ नजिक

**मुम्बई–** सनराइजर्स हैदराबादलाई पराजित गरी लखनउ सुपर जायन्ट्स इन्डियन प्रिमियर लिग (आइपिएल) को प्लेअफ नजिक पुगेको छ । हैदराबादको घरेलु मैदानमा लखनउ ७ विकेटले विजयी भएको हो ।

हैदराबादले दिएको १ सय ८३ रनको लक्ष्य लखनउले १९ दशमलब २ ओभरमा ३ विकेट गुमाएर पूरा गर्‍यो । लखनउका लागि प्रेरक माकन्डले ४५ बलमा ७ चौका र २ छक्काको सहयोगमा अविजित ६४ रनको अर्धशतकीय ईनिगं खेले ।


निकोलस पुरनले १३ बलमा ३ चौका र ४ छक्काको सहयोगमा सानदार ४४ रन बनाए । हैदराबादका लागि ग्लेन फिलिप्स,मंयक मारकन्डे र अभिषेक शर्माले समान १/१ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको हैदराबादले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय ८२ रन बनाएको थियो । हैदराबादका लागि हेनरिच क्लेसनले २९ बलमा ३ चौका र ३ छक्काको सहयोगमा सर्वाधिक ४७ रन बनाए ।

तेस्रो ओभरको पहिलो बलमा नै ओपनर अभिशेक शर्मा ५ बलमा ७ रन बनाउँदै पेभिलियन फर्किका थिए । अर्का ओपनर अनमोप्रित सिंहले २७ बलमा ७ चौकाको सहयोगमा ३६ रन बनाउँदा अमित मिश्राको बलमा मिश्राबाट नै क्याच आउट भए ।

छैटौं ओभरका लागि हेनरिच क्लेसन र अब्दुल समादले ४० बलमा ५८ रनको साझेदारी गरी टोलीलाई बलियो योगफलमा पुर्याए । समादले २५ बलमा १ चौका र ४ छक्काको सहयोगमा अविजित ३७ रन बनाए । कप्तान ऐडन माक्ररमले २० बलमा २ चौका र १ छक्काको सहयोगमा २८ रन बनाए ।

# सिन्धुपाल्चोक क्रिकेट संघको तदर्थ समिति गठन




■ प्रभाव संवाददाता

**सिन्धुपाल्चोक–** नेपाली क्रिकेट जगतले एकपछि अर्को सफलता हात पार्दै जाँदा यसको लोकप्रियता पनि बढ्दो छ । पछिल्लो समय क्रिकेटलाई बुझेर माया गर्ने दर्शकको साथ पनि उल्लेख्य बृद्धि भएको छ ।

यसैबीच क्रिकेट खेलको बिकाससँगै सम्भावना युक्त खेलाडी उत्पादन गर्ने उदेश्यले पहिलो पटक सिन्धुपाल्चोक क्रिकेट संघको तदर्थ समिति गठन भएको छ । सिन्धुपाल्चोकको मेलम्चीमा शनिबार सम्पन्न भेलाले बिजय कुमार धितालको अध्यक्षतामा एघार सदस्यीय तदर्थ समिति गठन गरेको छ । तदर्थ समितिको भेलालाई सम्बोधन गर्दै मेलम्ची नगरपालिकाका प्रमुख आइतमान तामाङले पछिल्लो समय क्रिकेटले पाइरहेको सफलताले देशले गर्व गर्ने वातावरण बनेको बताए । क्रिकेट खेललाई प्रोत्साहन गर्न आगामि दिनहरूमा उपयुक्त मैदान निर्माण गरेर प्रतियोगिता आयोजना गर्न तथा क्रिकेट खेलको बिकासको लागि सहकार्य गर्ने उनले बताए ।

यस्तै क्रिकेट खेललाई सिन्धुपाल्चोकमा स्थापित गर्न सुरुवात देखिनै सहयोग गर्दै आएका पाँचपोखरी थाङपाल गाउँपालिकाका अध्यक्ष टासि लामाले नव गठित तदर्थ समितिलाई बधाई दिँदै क्रिकेट खेलको विकाससँगै खेल मैदान निर्माणमा आवश्यक पहल र सहकार्य गर्न तत्पर रहेको जानकारी दिए ।

उनले सिन्धुपाल्चोक क्रिकेट संघले जिल्लामा क्रिकेट खेललाई स्थापित गरेर देशले गर्व गर्ने खेलाडीहरू उत्पादन गर्न महत्पूर्ण भुमिका खेल्नेमा बिश्वास व्यक्त गरे । साथै क्रिकेट खेलको बिकासको लागि निरन्तर सहयोग गर्ने समेत प्रतिबद्धता व्यक्त गरे ।

नव गठित तदर्थ समितिका अध्यक्ष बिजय कुमार धितालले सिन्धुपाल्चोक क्रिकेट संघको तदर्थ समिति गठन पश्चात क्रिकेट खेललाई आधिकारीक रूपमा जिल्लामा स्थापित गर्न गोरेटो बाटो निर्माणको सुरुवात भएको बताए । नवगठित अन्य पदाधिकारीहरूमा उपाध्यक्ष राजन धिताल, सचिब अजय कुमार धिताल, कोषाध्यक्ष राजु सापकोटा, सदस्यहरूमा विजेश श्रेष्ठ, प्रकाश सापकोटा, रुद्रशरण श्रेष्ठ, दिलिप लामा, सागर खड्का, सन्तोष चौलागाई, अनिल कुमार धिताल रहेका छन् । कार्यक्रममा स्थानीय वडाका जनप्रतिनिधी तथा समाजसेवीको समेत उपस्थिती रहेको थियो ।



**ल्हासाको दृश्य |** दक्षिणपश्चिम चीनको तिब्बत स्वायत्त क्षेत्रको राजधानी ल्हासाको नानसान पार्कबाट देखिएको सहरको दृश्य । *तस्बिरः सिन्ह्वा*

# पूर्वप्रधानमन्त्री खान रिहाइपछि घर फिर्ता

**लाहोर–** पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान आफ्ना समर्थक र सुरक्षा बलबीच केही दिनदेखि जारी झडपलाई 'गैरकानुनी' घोषित गरेपछि शनिबार रिहाइपछि घर फर्किएका छन् ।

गत वर्षको अप्रिलमा सत्ताबाट हटाइएयता दर्जनौं कानुनी मुद्दामा मुछिएका एक समयका सुप्रसिद्ध क्रिकेटरसमेत रहेका पूर्वप्रधानमन्त्री खानलाई जमानतमा रिहा गरिएको हो । उनको पक्राउपछि आक्रोशित समर्थकहरूले सरकारी भवनहरूमा आगजनी गरेका थिए भने सडकहरू अवरुद्ध गरेका थिए । उनीहरूले सेनाको सम्पत्तिमासमेत क्षति पुऱ्याएका थिए ।

रिहा भएपछि इस्लामाबाद उच्च अदालतबाट खानले एएफपीसँग भने, 'देशको सबैभन्दा ठूलो पार्टीका प्रमुखलाई षडयन्त्रपूर्वक अपहरण गरिएको थियो । उच्च अदालतबाट अपहरण गरिएको थियो र सिंगो राष्ट्रको सामुन्ने अपहरण गरिएको थियो ।' पक्राउपछिको प्रदर्शनबारे स्पष्टीकरण दिँदै उनले भने, 'उनीहरूले मलाई आतंकवादीजस्तो व्यवहार गरे, यसको प्रतिक्रिया हुनुपर्थ्यो ।'

गत अप्रिलमा अविश्वासको प्रस्तावमा सत्ताबाट हटेपछि खानले सरकार र सरकारी सुरक्षा निकायविरूद्ध पटक-पटक आन्दोलित भएका छन् । यसअघि, सत्ता गठबन्धनका प्रमुख तथा प्रधानमन्त्री शहबाज सरिफले हिंसालाई 'सहयोग गर्ने, उक्साउने र भड्काउने' कार्यमा संलग्नलाई ७२ घण्टाभित्र पक्राउ गर्नुपर्ने चेतावनी दिएका थिए ।



लाहोर भ्रमणका क्रममा उनले भने, 'राज्यविरोधी व्यवहार प्रदर्शन गर्नेलाई पक्राउ गरी आतंकवाद विरोधी अदालतमा मुद्दा चलाइनेछ ।'

खानका एक वकिलका अनुसार प्रदर्शन सुरु भएयता पिटिआईका वरिष्ठ नेतृत्वका भएको आन्दोलनका क्रममा कम्तीमा १० जनाको मृत्यु भएको छ भने सयौंको संख्यामा पक्राउ गरिएको छ ।

गृहमन्त्री राना सनाउल्लाले निकै लोकप्रिय रहेका खानलाई शरद ऋतुमा हुने चुनावअघि प्रहरीले पुनः पक्राउ गर्ने बताउँदै आएका छन् ।

### थप ५४० जना नेता, कार्यकर्ता पक्राउ

हिंसाको आरोपमा खानको पार्टीका थप ५४० जना नेता तथा कार्यकर्ता पक्राउ परेका छन् । लाहोरको कोर्प्स कमाण्डर हाउसलगायात सार्वजनिक र निजी भवनमा आक्रमण गरेको आरोपमा प्रान्तभर आतंकवादविरोधी ऐनअन्तर्गत दायर गरिएका मुद्दामा पञ्जाव प्रहरीले थप ५४० जनालाई गिरफ्तार गरेको छ । पक्राउ पर्नेहरूमा खान नेतृत्वको पाकिस्तान तहरीक-ए-इन्साफ (पिटिआई) का सदस्य रहेको डनले बताएको छ ।

मे ९ देखि पञ्जाव प्रहरीले पार्टीका पदाधिकारी र सदस्यविरुद्ध प्रान्तभर २०५ वटा मुद्दा दायर गरेको छ । बिहीबार राति प्रहरी अधिकारी र पिटिआईका कर्मचारीबीच केहीबेर झडप भएको थियो । प्रहरीले जेल रोडमा रहेको पिटिआईको कार्यालयमा संदिग्ध ठानिएका पार्टीका सदस्यलाई पक्राउ गर्नका लागि स्टेसनमा सूचना जारी गरिएको थियो । पार्टीका सदस्यले प्रहरीलाई ढुंगा हानेको आरोपमा पक्राउ गरिएको छ ।

अदालतबाट छोडिएपछि पिटिआई अध्यक्ष खानलाई स्वागत गर्न पार्टी समर्थक कार्यकर्ताहरू ठूलो संख्यामा भेला भएको खबर आएपछि शुक्रबार साँझ उनको जमान पार्क हवेली वरिपरि प्रहरीको उपस्थिति बढाइएको थियो ।

पञ्जाव प्रहरीका प्रमुख डा. उस्मान अन्वरले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'महत्त्वपूर्ण पूर्वाधार, सार्वजनिक र निजी सम्पत्ति दुवैमा आक्रमणका लागि जिम्मेवार अपराधीलाई कारबाही गरिनेछ, क्षमा दिइने छैन ।' *रासस⁄सिन्ह्वा*

# आपूर्ति शृंखला विविधीकरणमा जोड

**निगाता– जी-**७ राष्ट्रहरूले यस वर्ष आपूर्ति शृंखला विविधीकरण गर्न साझेदारी योजना सुरु गर्ने योजना बनाएका छन् । सो समूहका अर्थमन्त्रीहरूले अर्को साता हुन लागेको प्रमुख शिखर सम्मेलनअघि जापानमा वार्तापछि शनिबार त्यसबारे आफ्नो धारणा सार्वजनिक गरेका छन् ।

मन्त्रीहरूले स्वच्छ ऊर्जा प्रविधिमा केन्द्रित पहलको प्रेरणाको रूपमा चीन वा रुससँगको व्यापारमा निर्भरता कम गर्ने इच्छालाई भने प्रत्यक्षरूपमा उल्लेख गरेका छैनन् ।

संयुक्त राज्य अमेरिकाले राष्ट्रिय सुरक्षा चिन्तालाई उद्धृत गर्दै चीनलाई चिप कम्पोनेन्टहरूमा निर्यात नियन्त्रणको लागि एक धक्का दिएको र ट्रेजरी सेक्रेटरी जेनेट येलेनले विश्वव्यापी अर्थतन्त्रमा हालैका झटकाहरूलाई त्यसैको सापेक्षमा औंल्याएका छन् ।

'रुसको युक्रेनविरुद्धको युद्ध र महामारीका कारणले हुने अवरोधहरूले विविध र लचिलो आपूर्ति शृंखलाको महत्त्वलाई स्पष्ट पारेको,' उनले पत्रकार सम्मेलनमा औंल्याएका छन् ।

जापानी वित्तमन्त्री शुनिची सुजुकीले पनि कोविडले 'सप्लाई चेनहरूको नकारात्मक पक्ष' बारे आफ्नो धारणा राखेका छन् । संयुक्त विज्ञप्तिमा जी-७ का अर्थमन्त्रीहरू र केन्द्रीय बैंकका प्रमुखहरूको समूहले 'यस वर्षको अन्त्यसम्ममा' विश्व बैंकसँगको सहकार्यमा साझेदारी सुरु गर्ने आशा व्यक्त गरेका छन् ।

शनिबार वित्त वार्ता समाप्त भएपछि मन्त्रीहरूले रूसमा जारी प्रतिबन्धप्रति आफ्नो प्रतिबद्धतालाई पुनःपुष्टि गरेका छन् । तिनीहरूलाई लागू गर्न सँगै मिलेर काम गरिरहेको बताएका छन् तर प्रतिबन्ध बारे ठोस नयाँ कदमहरू घोषणा भने गरेनन् ।

उनीहरूले भर्खरै बैंकिङ क्षेत्रको उथलपुथलपछि वित्तीय स्थायित्व सुदृढ गर्ने आवश्यकतामा जोड दिँदै भनेका छन्- सरकारहरू 'उपयुक्त कारबाही गर्न तयार छन्' । तीन क्षेत्रीय अमेरिकी बैंकहरू मार्चको सुरुदेखि नै ध्वस्त हुँदा ग्राहकबीच त्रास बढेको छ ।

'बैंकिङ प्रणालीमा डाटा, पर्यवेक्षक र नियामक त्रुटिहरू सम्बोधन गर्ने' वाचा गर्दै, वित्त प्रमुखले भने, 'हाम्रो वित्तीय प्रणाली लचिलो छ, भनेर जोड दिन भने छोडेका छैनन् ।' निगाता वार्तामा ब्राजिल, भारत र इण्डोनेसियाका अर्थमन्त्रीहरूसँगै आइएमएफ, ओइसिडी र विश्व बैंकका प्रमुखहरू पनि सहभागी थिए ।

विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रले पहिलोपटक पूर्वनिर्धारितको सामना गर्नुपर्दा अमेरिकी ऋण सीमाको गतिरोधले छलफललाई आंशिकरूपमा ओझेलमा पारेको थियो । *रासस⁄एएफपी*

# श्रीलंकाले चार महिनामा भित्र्यायो १.८ अर्ब डलर विप्रेषण

**कोलम्बो–** श्रीलंकाका आप्रवासी कामदारले सन् २०२३ को पहिलो चार महिनामा १.८ अर्ब अमेरिकी डलरभन्दा बढी रकम पठाएका छन् । श्रम तथा वैदेशिक रोजगारमन्त्री मानुषा नानायकाराले शनिबार सो जानकारी गराएका छन् ।

मन्त्रीका अनुसार कामदारले अप्रिलमा ४५४ मिलियन डलर पठाएका छन् जुन अप्रिल २२ मा रेकर्ड गरिएको प्रवाहको तुलनामा ८२.४ प्रतिशतले बढी हो ।

त्यसैगरी २०२१ र २०२२ का लागि आधिकारिक तथ्यांक क्रमशः ५.४९ बिलियन डलर र ३.८ बिलियन डलर थिए । प्रवासी कामदारको विप्रेषण श्रीलंकाका लागि राजस्वको मुख्य स्रोत हो । *रासस⁄सिन्ह्वा*

# गर्भपतन गराएको निहुँमा गोली हानी हत्या

**टेक्सास–** अमेरिकाको टेक्सास राज्यमा एक व्यक्तिले आफ्नी २६ वर्षीया प्रेमिकालाई आफ्नो इच्छाविपरीत गर्भपतन गराएको थाहा पाएपछि गोली हानेर हत्या गरेका छन् । डलास प्रहरीका अनुसार २२ वर्षीय ह्यारोल्ड थम्पसनले स्ट्रिप मलको पार्किङमा ग्याब्रिएला गोञ्जालेजलाई गोली हानी हत्या गरेको आरोप लगाइएको थियो ।

पक्राउ पुर्जीमा जनाइएअनुसार गोञ्जालेज कोलोराडोमा लगभग ८०० माइलको यात्रापछि अघिल्लो साँझ फर्केका थिए । कोलोराडोमा गर्भावस्थाको कुनै पनि चरणमा गर्भपतन गर्न अनुमति दिइन्छ । टेक्सासमा मेडिकल इमर्जेन्सी नआएसम्म करिब छ हप्तापछि गर्भपतन गैरकानुनी छ । शपथपत्रमा भनिएको छ, 'संदिग्ध व्यक्ति बच्चाका पिता भएको यो विश्वास गरिएको छ ।'

न्युयोर्क पोस्टका अनुसार आरोपितले गोञ्जालेजलाई गर्भपतन गराउन चाहेका थिएनन् । प्रहरीका अनुसार पार्किङ स्थलको एक सर्भिलेन्स फुटेजमा, उक्त दम्पती बिहान ७:३० बजे झगडा गरिरहेको देखिएको छ ।

प्रहरीका अनुसार भाग्नुअघि गोञ्जालेजले आफ्नी प्रेमिकालाई गोली हानेपछि उनी भुइँमा लडेकी थिइन् । भुइँमा ढलेकी उनलाई प्रेमी भनिने गोञ्जालेजले फेरि दोहोऱ्याएर आक्रमण गरेका थिए । न्युयोर्क पोस्टका अनुसार गोञ्जालेजको घटनास्थलमै मृत्यु भएको थियो । *रासस⁄एएनआई*

# म्यान्मार र बंगलादेशमा आँधीबाट बच्न हजारौं मानिसलाई सुरक्षितस्थलतर्फ सारिँदै

**सिट्वे, म्यान्मार–** बंगालको खाडीमा एक दशकभन्दा लामो समयदेखिको सबैभन्दा शक्तिशाली चक्रवातका कारण म्यानमारको पश्चिमी तटबाट हजारौं मानिस भागेका छन् भने छिमेकी देश बंगलादेशका अधिकारीहरू शनिबार रोहिंग्या शरणार्थीलाई बाहिर निकाल्न दौडेका छन् ।

भारतको मौसम विज्ञान विभागका अनुसार 'मोचा' नाम दिइएको चक्रवातले २२० किलोमिटर प्रतिघण्टा (१३६ माइल प्रतिघण्टा)को गतिमा हावा चलिरहेको बताइएको छ । करिब १० लाख रोहिंग्या शरणार्थीहरू बस्ने कमजोर आश्रयस्थल कोक्स बजार र म्यान्मारको पश्चिमी रखाइन तटमा रहेको सिट्वेको बीचमा आइतबार बिहान आँधी कमजोर हुने अनुमान गरिएको छ ।



एएफपीका संवाददाताका अनुसार शनिबार सिट्वेका बासिन्दाले कार, ट्रक र तीन पांग्रे (टेम्पो)मा आफ्नो सम्पत्ति र घरपालुवा जनावर जम्मा गरी सुरक्षित स्थलतर्फ हिँडेका छन् । 'हाम्रो परिवारमा हजुरआमा हुनुहुन्छ र हामीले उनको हेरचाह गर्नुपर्छ,' खिने मिनले राज्यको राजधानीबाट बाहिरिने बाटोमा आफ्ना नातेदारहरूले भरिएको ट्रकबाट एएफपीलाई बताए, 'हाम्रो घरको हेरचाह गर्न सिट्वेमा एक जना मात्र मानिस बाँकी छन् ।'

करिब एक लाख ५० हजार मानिसहरूको बसोबास रहेको यस सहरमा पसल र बजारहरू बन्द गरिएका थिए र धेरै स्थानीयहरू अग्ला स्थानमा रहेका गुम्बाहरूमा आश्रय लिएका थिए । आँधीका कारण सबै जना सुरक्षितस्थलतर्फ भागेको बताउँदै ४० वर्षीय क्याव टिनले आफ्नो छोरा स्थानीय अस्पतालमा रहेकाले त्यहाँबाट बाहिर जान नसक्ने बताए ।

'यो चक्रवात हाम्रो राज्यमा आउने छैन भन्नेमा हामी आशावादी छौं । तर, यदि यस्तो नियति भयो भने हामी यसलाई नजरअन्दाज गर्न सक्दैनौं,' उनले भने ।

सन् २००८ मा दक्षिणी म्यान्मारमा एक लाख ३० हजारभन्दा बढी मानिसको ज्यान जाने गरी आएको आँधीलाई संकेत गर्दै उनले भने, 'मलाई चिन्ता छ कि यो चक्रवातले 'नरगिस'ले जस्तै हाम्रो राज्यलाई पनि असर गर्नेछ ।'

म्यान्मारको जुन्टा अधिकारीहरूले राखिन तटमा रहेका गाउँहरूबाट स्थानान्तरणको निगरानी गरिरहेको सरकारी सञ्चार माध्यमहरूले शुक्रबार जनाएका छन् । म्यान्मार एयरवेज इन्टरनेसनलले रखाइन राज्यका लागि आफ्ना सबै उडान सोमबारसम्मका लागि स्थगन गरिएको जनाएको छ । *रासस⁄एएफपी*

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक
National Daily


# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११०८०० | प्रति तोला - ११०२५० | प्रति तोला - १३७५ |

# 'ठूलो आकारको बजेट ल्याउन सक्ने अवस्था छैन'

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्षका लागि विस्तारकारी र ठूलो आकारको बजेट ल्याउन सक्ने अवस्था नरहेको बताएका छन् ।

आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र र राष्ट्रिय आर्थिक सरोकार समाज नेपालले काठमाडौंमा आयोजना गरेको 'आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट सन्दर्भमा छलफल तथा सुझाव सङ्कलन कार्यक्रम'मा अर्थमन्त्री महतले स्रोतका सीमितताका कारण ठूलो आकारको बजेट ल्याउन सम्भव नहुने बताएका हुन् ।

'अहिले सबैभन्दा ठूलो चुनौतीका रूपमा राजस्वको न्यूनता देखिएको छ । विस्तारकारी र ठूलो आकारको बजेट ल्याउन सीमितता छन्,' उनले भने ।

अर्थतन्त्र सुधारका लागि सरकार र अर्थमन्त्रीका रूपमा आफूले अधिकतम प्रयास गरिरहेको उनको भनाइ छ । 'अर्थ मन्त्रालयमा आएपछि मैले धेरै समस्याहरू देखे । जति बाहिर बसेर हेर्दा देखिन्थ्यो त्यो भन्दा धेरै समस्या रहेछन् । तर म सबै समस्या निवारण गर्न सक्छु भन्ने होइन । सुधारका लागि इमान्दार प्रयास हुनेछ,' अर्थमन्त्री महतले भने ।

उनले अर्थतन्त्र सुधारका लागि जादु गरे जस्तो आजको भोलि नतिजा नआउने भन्दै यसका लागि धैर्यता चाहिने बताए । 'धैर्यता नागरिकले गर्ने तर सरकारले प्रयास नगर्ने भन्ने हुँदैन,' उनले भने, 'अर्थतन्त्र सुधारका लागि राज्य संरचनाको सम्पूर्ण प्रयास रहने छ ।' उनले यसका लागि निजी क्षेत्रको पनि सहयोग चाहिने बताए ।

अहिले सार्वजनिक ऋणको साँवा ब्याजको दायित्व निकै बढेको अर्थमन्त्री महतको भनाइ छ । भूकम्पपछिको पुनर्निर्माणका लागि लिएको ऋणको साँवा अर्को वर्षबाट तिर्नुपर्ने दायित्व आएको उनले बताए । त्यस्तै, बजेट विनियोजनमा कुशलता र कार्यान्वयनमा क्रियाशीलताका लागि पनि सरकारको जोड रहने उनको भनाइ छ ।

'हाम्रा संरचनामा धेरै ठूलो सुधार आवश्यक छ । बजेटको प्रभावकारिता बढाउनु पर्नेछ । अहिलेको समस्या पुँजीगत खर्च नहुँदा बजारमा चाहिए जति पुँजी प्रवाह भएको छैन,' उनले भने, 'अर्कोतर्फ बैंकिङ प्रणालीमार्फत पनि पुँजी प्रवाह हुन सकेको छैन ।' आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिमा सुधार आवश्यक रहेको महतले बताए । कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले विभिन्न क्षेत्रबाट आएका सुझाव आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेट्ने प्रयास गरिने बताए । त्यस्तै बजेटमा समेटिन नसकेका विषयहरू १६औं आवधिक योजनामा समेटिने बताए ।

पूर्वमुख्यसचिव लीलामणि पौड्यालले सरकारले सामाजिक सुरक्षाका क्षेत्रमा भएको लगानीले पुँजी निर्माण गर्न र रोजगारी सिर्जना गर्न नसकेको बताए । ऋण लिएको रकम पनि अनुत्पादक क्षेत्रमा खर्च भइरहेको उनलेब ताए ।

अहिले अर्थतन्त्रमा देखिएको समस्या अहिले एकैपटक आएको नभई पछिल्लो तीन दशकयताका नीतिको नतिजा रहेको उनको भनाइ छ । 'विगत तीन दशक देखिका नीतिको साङ्गो-पाङ्गो नतिजा अहिले देखिएको हो । गलत नीतिका कारण थुप्रिएका समस्या हुन्,' उनले भने ।

बढ्दो चालु खर्च र खुम्चिएको राजस्वका कारण सिर्जित वित्तीय असन्तुलन अहिलेको चुनौती भएको उनको भनाइ छ । त्यस्तै, अब पूर्वाधार केन्द्रित बजेट नभई जनताका आधारभूत आवश्यकता केन्द्रित बजेट बनाउन आवश्यक रहेको उनले बताए । आयोजना र कार्यक्रमको प्राथमिकीकरण हुन नसकेको उनले बताए ।

कार्यक्रममा प्राडा शिवराज अधिकारीले नेपालमा भइरहेको लगानीअनुसार आर्थिक वृद्धिदर देखिन नसकेको र आर्थिक वृद्धिदरको तुलनामा रोजगारी सिर्जना हुन नसकेको बताए । 'लगानी बढेको छ तर त्यसको तुलनामा आर्थिक वृद्धिदर बढेको देखिँदैन । रोजगारी पनि बढेको छैन । सार्वजनिक ऋण र लगानी बढ्ने तर आर्थिक वृद्धिदर नबढ्ने भनेको पक्कै यहाँ केही समस्या छ,' अधिकारीले भने ।

# आर्थिक स्थायित्वलाई प्राथमिकतामा राख्न सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं –** आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने गरी नेपाल उद्योग वाणिज्य महासंघले राजस्व परामर्श समितिलाई सुझाव पठाएको छ ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमले आर्थिक स्थायित्व, लगानी अभिवृद्धि, दिगो आर्थिक विकासका लागि सार्वजनिक निजी साझेदारी र दक्ष जनशक्ति विकासको विषयलाई केन्द्रमा राख्नुपर्ने सुझाव महासंघले दिएको हो ।

'आर्थिक मन्दीलाई सम्बोधन गर्न उद्यमी व्यवसायी एवं सर्वसाधारणको मनोबल उच्च बनाई आर्थिक गतिविधि बढाउन नीतिगत दर, बैंकदर, अनिवार्य नगद मौज्दात घटाउनेलगायत नीतिगत मौद्रिक उपकरणसँगै वित्तीय नीतिमा माग सिर्जना गर्ने कार्यक्रम ल्याइनुपर्छ,' महासंघको सुझावमा भनिएको छ । निर्यातमूलक, निर्माण, कृषि, पर्यटन पूर्वाधार, यातायात, साना तथा मझौला उद्यम, आयात प्रतिस्थापन गर्ने उद्योग र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा तत्कालै पुनर्कर्जाको व्यवस्था गरिनुपर्ने सुझाव महासंघको छ ।

त्यस्तै २० प्रतिशत महँगो भए पनि स्वदेशी वस्तु खरिद गर्ने नीति प्रभावकारीरूपमा कार्यान्वयन गरिनुपर्ने, रु एक लाखसम्मको आन्तरिक रेमिट्यान्स खुलाउनुपर्ने, महिला उद्यमीले हाल पाइरहेको सहुलियतपूर्ण कर्जाको सीमा रु २० लाखबाट बढाइनुपर्ने महासंघको माग छ । उत्पादनमूलक उद्योगलाई अन्य व्यवसायभन्दा कम ब्याज लाग्ने व्यवस्था कार्यान्वयन गरिनुपर्ने र उत्पादनमूलक उद्योगमा जाने रु पाँच करोडसम्मको ऋणमा दुई प्रतिशतमात्रै प्रिमियम जोड्न पाउनुपर्ने सुझाव महासंघको छ । ढुङ्गा, गिट्टी, बालुवा उत्खनन र बिक्री वितरण खुला गरिनुपर्ने र वातावरणीय परीक्षण भइसकेका खानीजन्य आयोजनालाई सञ्चालनको स्वीकृति दिनुपर्ने सुझावमा भनिएको छ । नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोषजस्ता संस्थागत कोषलाई कम्तीमा २० प्रतिशत रकम उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने, निजी क्षेत्रसँगको सहकार्यमा उद्यमशीलता प्रवर्द्धनका लागि सातवटै प्रदेशमा साना तथा मझौला उद्यम र स्टार्टअप विकास केन्द्र स्थापना गर्नुपर्ने तथा स्टार्टअपसम्बन्धी नीति यथाशीघ्र पारित गर्नुपर्ने सुझाव महासंघको छ ।

त्यसैगरी सुशासन प्रवर्द्धनतर्फ अन्तर्राष्ट्रिय अनलाइन पेमेन्ट गेटवेको व्यवस्था गर्नुपर्ने, सबै सरकारी सेवा अनलाइनबाट हुने व्यवस्था गर्ने, विद्युतीय माध्यमबाट कर परीक्षण गरिनुपर्नेलगायतका सुझाव दिइएको छ ।

नेपालको औद्योगिक उत्पादनलाई प्रतिस्पर्धी बनाउनका लागि विद्यमान कानुनी प्रावधान परिमार्जन आवश्यक रहेको महासंघले जनाएको छ । त्यसैगरी लगानी बोर्डको कार्यालय, उद्योग विभाग, विशेष आर्थिक क्षेत्र, कम्पनी रजिष्ट्रार कार्यालय, कर कार्यालय, वाणिज्य विभाग, घरेलु कार्यालय, प्रदेश र स्थानीय तहबाट सेवा लिन एकीकृत सेवा प्रणालीको स्थापना गरिनुपर्ने सुझाव दिइएको छ । उद्योगलाई सहजरूपमा विद्युत् उपलब्ध गराउने र उत्पादनमूलक उद्योगलाई विद्युत् खरिद सम्झौता (पिपीए) दरमा प्रतियुनिट रु एक सेवाशुल्क लिई विद्युत् बिक्रीको व्यवस्था गरिनुपर्ने सुझाव महासंघले राजस्व परामर्श समितिलाई दिएको छ ।

लघु, घरेलु, साना तथा मझौला उद्यम र स्टार्टअप प्रवर्द्धनका लागि बिनाधितो परियोजना कर्जा, स्थानीय तहमा स्थापना हुने औद्योगिकग्राममा साना तथा मझौला उद्यमलाई प्रोत्साहन, 'मेरो उत्पादन, मेरो पहिचान' कार्यक्रम सञ्चालनलगायत सुझाव दिइएको छ । त्यस्तै स्टार्टअपसम्बन्धी नीति पारित गर्नुपर्ने र निजी साझेदारीमा कोसेली घरलाई प्रोत्साहन गर्नुपर्ने माग महासंघको छ ।

चीन तथा भारतमा पर्यटन सम्मेलन गर्ने, भैरहवा र पोखरा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्नुपर्ने, अन्तर्राष्ट्रिय पर्यटन क्षेत्र विज्ञापन कोष स्थापना गरिनुपर्नेलगायत सुझाव छन् । भारतीय पर्यटकले नेपालमा आउँदा प्रतिव्यक्ति भारतीय रूपैयाँ एक लाखसम्म नगद ल्याउन पाउनुपर्ने तथा मुलुकको समृद्धिको आधारका रूपमा पर्यटन व्यवसायलाई स्थापित गर्न सन् २०२५ लाई नेपाल भ्रमण वर्षको रूपमा घोषणा गरिनुपर्ने महासंघको माग छ ।

त्यस्तै ऊर्जाक्षेत्रको विकासका लागि निजी क्षेत्रलाई व्यापार र निर्यातको इजाजत दिइनुपर्ने महासंघको धारणा छ । निजी तथा सरकारी साझेदारीमा जलाशययुक्त आयोजना निर्माण, भारत तथा बङ्गलादेशसँग विद्युत् व्यापारका लागि उच्चस्तरीय संयन्त्र गठन, स्वदेशी पुँजीबाट निर्माण भएका आयोजनामा १५ वर्षसम्म रोयल्टी मिनाहालगायतका सुझाव छ । राजस्व प्रणाली सुधारका लागि पाँच वर्षभन्दा पुरानो बक्यौता कर रकमको फरकफारक गर्न ब्याज र जरिवाना छुट गरी एक पटकलाई विशेष व्यवस्था गरिनुपर्ने सुझाव महासंघले दिएको छ । लेखाङ्कन प्रयोजनका लागि आवश्यक न्यूनतम शूल्क लिई एकपटकका लागि सम्पत्ति अभिलेखीकरणको व्यवस्था गरिनुपर्ने, रु एक करोडसम्मका कारोबार भएका सबै करदाताले कर विवरण बुझाउँदा लेखा परीक्षण अनिवार्य गर्न नपर्ने व्यवस्था गर्ने, मिसम्याच समायोजना अवधि एक वर्ष थप गरिनुपर्नेलगायतका सुझाव महासंघले दिएको छ ।

## 'मौद्रिक नीतिको समीक्षाले तत्काल बजार चलायमान हुने देखिएन'

**काठमाडौं (प्रस)–** नेपाल उद्योग वाणिज्य महासंघले मौद्रिक नीतिको समीक्षाले तत्काल बजार चलायमान हुने नदेखिएको टिप्पणी गरेको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार चालु आर्थिक वर्षको मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक गर्दै बैंक दर घटाउने, कर्जाको पुनर्तालिकीकरण र पुनर्संरचना गर्न सकिने, नियमित ब्याज भुक्तानी भइरहेको ऋण भुक्तानीको समयसीमा थप गर्न सकिने लगायतका व्यवस्था कार्यान्वयनमा ल्याएको छ । तर मौद्रिक नीतिका समीक्षाबाट गरिएको व्यवस्थाले बजार चलायमान हुन सक्ने अवस्था नरहेको महासंघको भनाइ छ ।

'समीक्षाले खराब कर्जाको जोखिम, बढ्दै गएको मुद्रास्फीति, उच्च ब्याजदर लगायतका समस्यालाई स्वीकार गरे पनि ठोस र पर्याप्त उपाय अवलम्बन हुन नसक्दा तत्काल बजार चलायमान हुने अपेक्षा न्यून छ,' मौद्रिक नीतिको समीक्षामाथि प्रतिक्रिया दिँदै महासंघले भनेको छ । आर्थिक गतिविधिहरू शिथिल हुँदा उद्यमी व्यवसायीमा कर्जाको साँवाब्याज तिर्न सक्ने क्षमता कम हुँदै गएको भन्दै राष्ट्र बैंकले आंशिक रूपमा ऋणको पुनर्तालिकीकरण र पुनर्संरचनाको सुविधा दिएको छ । होटल तथा रेस्टुरेन्ट, पशुपक्षीपालन, निर्माण क्षेत्रसँग सम्बन्धित कर्जा र रु पाँच करोडसम्मको अन्य क्षेत्रमा प्रवाह भएको कर्जालाई २०८० साल असार मसान्तभित्र पुनर्संरचना र पुनर्तालिकीकरण गर्न सक्ने सुविधा दिएको छ ।

# सुनचाँदी कला व्यवसायी संघको अध्यक्षमा रिजाल



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सुनचाँदी कला व्यवसायी संघको केन्द्रीय अध्यक्षमा घनस्याम रिजाल निर्वाचित भएका छन् । शनिवार सम्पन्न संघको २१औं वार्षिक साधारणसभा तथा नवौं अधिवेशनले च्छोरोल्पा गोल्ड एण्ड सिल्भर ज्वेलर्स दोलखाका प्रोपाईटर रिजाललाई अध्यक्षमा सर्वसम्मत निर्वाचित गरेको हो ।

साधारणभाले आगामी तीन वर्षका लागि १९ सदस्सीय कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको हो । संघको प्रथम उपाध्यक्षमा काठमाडौंका विष्णुभक्त बराईली र द्वितिय उपाध्यक्षमा धादिङका सानुबाबु बराईली निर्वाचित भएको निर्वाचन समितिका संयोजक अधिवक्ता भोजान लाम्गादेले जानकारी दिए । त्यस्तै, महासचिवमा काठमाडौंका बाल कुमार विश्वकर्मा (सुमन), सचिवमा सुनसरीका प्रेम बहादुर विश्वकर्मा, कोषाध्यक्षमा काठमाडौंकै श्याम कुमार विश्कर्मा र सहकोषाध्यक्षमा धादिङका सुदिप रसाईली निर्वाचित भएका हुन् ।

साधारणसभाले सदस्यहरूमा दोलखाका दिपक धनुके, रामेछापका कृष्ण गहतराज, झापाका तिलक बहादुर विश्वकर्मा र धनकुटाका देव बहादुर विश्वकर्मालाई निर्वाचित भएको छ । त्यस्तै, काठमाडौंका नविन रसाईली, दिपेन्द्र विश्वकर्मा, केदारनाथ सुनार गहतराज, मानबादुर विश्वकर्मा, पम्फा श्रेष्ठ, राजिन बराईली, अर्जुन विश्वकर्मा र देवी गौतम गहतराज समेत सदस्यमा निर्वाचित भएका छन् । त्यस्तै, सुर्य कुमार बराल र दुर्गा बिक सदस्यमा मनोनित भएका छन् ।

देशभर शाखा सञ्जाल रहेको कला व्यवसायी संघमा १ हजार भन्दा बढी सदस्य रहेका छन् । निवर्तमान अध्यक्ष केसर विश्वकर्माले नवनिर्वाचित अध्यक्षलाई शनिवार नै पदभार हस्तान्तरण गरे । नवननिर्वाचित अध्यक्ष रिजालले व्यवसायिक हकहित प्रवर्द्धन, ग्राहक सचेतना, कालीगढको सिप तथा कला अभिवृद्धिमा जोड दिने बताए । त्यस्तै, सुनचाँदीमा मूल्यअभिवृद्धि गरी निर्यातको लागि पहल गर्न सरकारसँग समन्वय गर्ने उनले बताए ।

# नेपाल लाइफको नाफा ३२९.५२ प्रतिशतले बढ्यो

**काठमाडौं (प्रस)–** नेपाल लाइफले चालु आ.व को तेस्रो त्रैमाससम्ममा उल्लेखनिय प्रगति गरेको छ । कम्पनीले सार्वजनिक गरेको चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरण अनुसार कम्पनीको खुद नाफामा ३२९.५२ प्रतिशतको वृद्धि भएको छ ।

यस त्रैमासकको अन्त्य सम्ममा कम्पनीको जगेडा तथा कोषमा करिव ४८ करोड रूपैयाँ रहेकोछ जुन अघिल्लो आ.व.को सम्बन्धित त्रैमासकको अन्त्य सम्मको आधारमा ९.४० प्रतिशतले बढी हो । गत आर्थिक वर्षको सोही अवधिमा करिव १३१ अर्ब १६ करोड रूपैयाँ रहेको जीवन बिमा कोष १९.८३ प्रतिशतले बढि करिव १५७ अर्ब १६ करोड रूपैयाँ पुगेको छ । महाबिपत्ती कोषमा ८३ करोड रूपैयाँ रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा तुलनामा १५.४९ प्रतिशतले बढी हो । कम्पनीको लगानी २०.०७ प्रतिशतले बढेको छ । चैत मसान्तसम्म कम्पनीले १६२ अर्ब २८ करोड रूपैयाँ लगानी गरेको छ ।

प्रकाशित विवरण अनुसार कम्पनीको भुक्तानी हुन बाँकी दावी उलेख्य रूपमा घटेको छ । गत आर्थिक वर्षको सोही अवधिमा करिव १ अर्ब २८ करोड रूपैयाँ भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था गरिएकोमा चालु आर्थिक वर्षको तेस्रो त्रैमासमा ३४.१९ प्रतिशतले घटी ८४ करोड रूपैयाँ रहेको छ । यसै गरी चैत मसान्त सम्ममा २६ अर्ब ८३ करोड ७४ हजार रूपैयाँ खुद बिमाशुल्क आर्जन गरेको छ भने ११ अर्ब ८२ करोड रूपैयाँ खुद दाबी भुक्तानी गरेको छ । समिक्षा अवधिमा कम्पनीको खुद दाबी भुक्तानी ११.४४ प्रतिशतले बढेको छ । यस त्रैमासमा आफ्नो दाबी भुक्तानी प्रक्रियालाई चुस्त दुरुस्त छिटो छरितो बनाइनु नै यस उपलब्धिको कारण हो भन्ने कुरा कम्पनीले जनाएको छ ।

८ अर्ब २० करोड रूपैयाँ चुक्ता पूँजी रहेको यस कम्पनीको समिक्षा अवधिमा कम्पनीको प्रतिसेयर आम्दानी ७.२५ रूपैयाँ रहेको छ । यस्तै कम्पनीको प्रतिसेयर नेटवर्थ ११६.०१ रूपैयाँ, मूल्य अनुपात आम्दानी ९३.१९ गुणा, प्रति सेयर कुल सम्पत्तिको मूल्य २,०९० रूपैयाँ र औसत प्रतिफल दर १०.८४ प्रतिशत रहेको छ ।

समग्रमा देशमा उत्पन्न भएको आर्थिक संकटले बिमा क्षेत्रमा परेको प्रभावको बीच पनि नेपाल लाइफले उत्कृष्ट नतिजा ल्याउन सफल हुनुलाई कम्पनीको सबल पक्षको रूपमा लिन सकिन्छ । आगामी दिनमा कम्पनीलाई थप प्रभावकारी रूपमा संचालन गर्न बिभिन्न संरचनात्मक, प्रक्रियागत सुधारहरू अबलम्बन गर्दै नेपालीहरूको घर दैलोमा गुणस्तरीय बिमा सेवा प्रबाह गर्न कम्पनी तत्पर रहेको र त्यसलाई मुर्तरूप प्रदान गर्न कम्पनी अहोरात्र लागिरहेको कुरा नेपाल लाइफ इन्स्योरेन्सका प्रमूख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले बताएका छन् ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
NEPALLIFE सुरक्षा र समृद्धि
किनकि जीवन अमूल्य छ...

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित  मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल  फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ